का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १७, अंक २८६
❒ २० पुस २०७६, आइतबार
❒ 5 January 2020, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-


# मध्याह्न

Madhyanha National Daily

राष्ट्रिय दैनिक




### रामचन्द्र पौडेल समूह
# असन्तुष्टिको अन्तर्य



**बरिष्ठ नेता रामचन्द्र पौडेल समूहको असन्तुष्टि र बहिष्कारका बाबजुत सभापति शेरबहादुर देउवाले एक्लौटी रूपमा एक पछि अर्को निर्णय गर्दै अगाडि बढेका छन् । नेता पौडेल समूहको अनुपस्थितिमै सभापति देउवाले राष्ट्रियसभा निर्वाचनमा समाजवादी पार्टीसँग गठबन्धन र पार्टीका तर्फबाट उम्मेद्वारको समेत टुंगो लगाएका छन् ।**

**केशर धामी/मध्यान्ह**
काठमाडौं, १९ पुस

आइतबार मनोनयन दर्ता हुने राष्ट्रियसभा निर्वाचनमा पार्टीका तर्फबाट नेपाली कांग्रेसले उम्मेद्वार टुंगो लगाएको छ । १८ मध्ये दुई सिट समाजवादी पार्टी, नेपाललाई दिन सहमत भएको काँग्रेसले शनिबार १६ जना उम्मेद्वारको उम्मेद्वारी टुंगो लगाएको हो । बिहीबार बसेको केन्द्रीय कार्य समितिको बैठकको कार्यादेशअनुसार, शनिबार बिहान बसेको पदाधिकारी बैठकले काँग्रेस तर्फका उम्मेद्वार टुंगो लगाएको छ ।

केन्द्रीय समितिको निर्णय लिएरै सभापति शेरबहादुर देउवाको निवास बुढानिलकण्ठमा शुक्रबार दिनभर नै समाजवादी पार्टीका नेताहरुसँग काँग्रेसको वार्ता चलेको थियो । छलफल राति अबेरसम्म नै चल्यो । अन्ततः काँग्रेस र समाजवादी पार्टी बीच १६-२ को साझेदारी गर्ने निर्णय भयो । शनिबार, काँग्रेसले शुक्रबारको निर्णयलाई टेकेरै उम्मेद्वार टुंगो लगाएको हो ।

तर, राष्ट्रियसभा उम्मेद्वार टुंगो लगाउने जस्तो महत्वपूर्ण निर्णयमा पार्टीको एउटा ठूलै हिस्साको सहभागिता छैन । १३औं महाधिवेशनमा देउवासँग सभापतिमा पराजित नेता रामचन्द्र पौडेल र कृष्णप्रसाद सिटौला समूहको अनुपस्थितिमा आगामी माघ ९ गते हुने राष्ट्रियसभा निर्वाचनका लागि उम्मेद्वार टुंगो लगाइएको हो ।

पौडेल र सिटौलाले गत मंसिर २६ गते यताका हरेक बैठक बहिष्कार गर्दै आएका छन् । बहिष्कारकै बाबजुत काँग्रेसको १४औं महाधिवेशन कार्यतालिका सार्वजनिक गरिएको छ । सभापति देउवाले केन्द्रीय समितिको बहुमतबाट २०७७ फागुन ७ गते १४औं महाधिवेशन गर्नेगरी स्थानीय, प्रदेश निर्वाचन क्षेत्रीय, प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय, जिल्ला र प्रदेश अधिवेशनको मिति समेत टुंगो लगाएका छन् ।

असन्तुष्ट पौडेल र सिटौला समुहले भने बहुमतबाट गरिएको यो निर्णय फिर्ता लिनुपर्ने माग गरेका छन् । असन्तुष्ट समुहले फागुनको साटो मंसिरमै महाधिवेशनको मिति तय गर्नुपर्ने माग राखेका छन् । मंसिर र फागुन भनेको तीन महिनाको फरक मात्रै हो । निर्धारित मिति भन्दा एक वर्ष नै धकेलिने निश्चित भइसकेको महाधिवेशन आखिर तीन महिना अगाडि र पछाडिले के फरक पर्छ ? जसको कारण लगातार महत्वपूर्ण बैठक नै पौडेल र सिटौला समुहले बहिष्कार गर्दै आएको छ ?

पौडेल निकट एक नेता भन्छन्, "कुरा तीन महिनाको मात्रै होइन । यहाँ, महाधिवेशन गराउने कि नगराउने भन्ने नियतको हो ?" ती नेताका अनुसार, मंसिरमा महाधिवेशन तोकियो भने अर्को वर्ष महाधिवेशन हुने निश्चित हुन्छ । किनभने, मंसिरमा हुन बाँकी पृष्ठ २ मा

**राष्ट्रियसभा कांग्रेस उम्मेद्वार**

**प्रदेश नम्बर–१**
निरबहादुर विश्वकर्मा (दलिततर्फ)
मीना पुलामी मगर (महिला)
राजेन्द्र घिमिरे (अन्य)

**प्रदेश नम्बर–२**
नगिना यादव (महिला)
धनुषाका भोला पन्जियार (अल्पसंख्यरअपांगता)

**प्रदेश नम्बर–३**
हरिशरण श्रेष्ठ (अन्य)
छलीकुमारी शर्मा उपाध्याय (महिला)

**गण्डकी प्रदेश**
सूर्यप्रसाद रेग्मी (अन्य)
विमला गौचन (महिला)

**प्रदेश नम्बर–५**
बालकृष्ण पाण्डे (अन्य)
गिरिजा न्यौपाने (महिला)
मेराज हलवाई (अल्पसंख्यक/अपाङ्गता)

**कर्णाली प्रदेश**
डिल्लीराम पाठक (अन्य)
सावित्री पौडेल (महिला)

**सुदुरपश्चिम प्रदेश**
प्रताप ठगुन्ना (अन्य)
तुलसी देवकोटा (महिला)

# उपेक्षामा लोकबाजा संग्रहालय

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ पुस-

त्रिपुरेश्वरमा रहेको नेपाली लोकबाजा संग्रहालय संकटको अवस्थामा देखिएको छ । २०६५ सालदेखि गुठी संस्थानको भवनमा बस्दै आएको संग्रहालय उठिबासको अवस्थामा पुगेको छ ।

गुठी संस्थानसँग गरिएको सम्झौता नविकरण नगरिएपछि संग्रहालय उठिबासको अवस्थामा पुगेको हो । उक्त भवन गुठी संस्थानले काठमाडौं विश्वविद्यालयलाई ३० वर्षका लागि लिजमा दिएको छ । त्यसपछि पनि त्यो सम्झौता नविकरण गर्ने गरी सम्झौता भएको थियो । गुठी संस्थान र विश्वविद्यालयबीच भएको उक्त सम्झौताले संग्रहालय अप्ठेरोमा परेको छ । संग्रहालय अन्यत्र सार्नका लागि अहिलेसम्म ठाउँको व्यवस्थापन हुन नसकेको संग्रहालयका संरक्षक रामप्रसाद कँडेल बताउँछन् ।

लोपोन्मुख अवस्थामा पुगेका नेपालमा ६ सय ५५ प्रकारका लोकबाजा संरक्षण गरिएको छ । नेपालमा एक हजार तीन सय ५०



प्रकारका लोकबाजा प्रयोगमा आएका छन् । ती मध्ये ६ सय ५५ प्रकारका लोकबाजा संग्रहालयमा संग्रहित गरिएको कँडेलले बताए । जसमा पुरानो मधुकर बाजादेखि शीतम्बर, ढोलक, तबला, मादल, ठूलो सारंगी, सहनाई, नरसिंगा र पञ्चैबाजाका सेट लगायत रहेका छन् ।

पाँच पुस्ता भन्दा बढी समयदेखि कुनै विषेश समुदायले परम्परागत सामग्रीको प्रयोग गरेर निर्माण गरिएका बाजा लोकबाजा हुन् । यसमा नयाँ आधुनिक खालका बाजा समावेश गरिएको हुँदैन् । यी बाजाहरू कुनै फुकेर बजाइन्छ भने कुनै रेटेर सुर निकालिन्छ । कुनै ठटाएर बजाइन्छ । हरेक बाजाको आ-आफ्नै मौलिक विशेषता हुन्छ ।

केही वर्ष कँडेलले आफ्नै कोठामा लोकबाजा थुपारेर राखेका थिए । उपयुक्त ठाउँको खोजी गरिहेकै बेला उनी नेपाल सम्पदा संघको कार्यसमिति सदस्य बने । त्यही बेला भद्रकाली गुठी संस्थानको भवनको माथिल्लो तला भाडामा लिएर १ फागुन २०५८ सालदेखि पाँच वर्षसम्म संग्रहालय बनाएर लोकबाजा संकलन गरिरहे । त्यसपछि १५ बैंशाख २०६४ सालदेखि गुठी संस्थानको जग्गा भवन भाडामा लिएर लोकबाजा संग्रहित गर्दै आएका छन् । विश्वविद्यालयसँगको सम्झौतापछि संग्रहालयको उठीबास लाग्ने अवस्थामा पुगेको छ । 'संग्राहलयलाई तत्काल त्यो ठाउँ छाडेर अन्यत्र सर्नुको विकल्प छैन् । एक त नेपालमा संग्रहालय ऐन नहुँदा सामाजिक संस्थाको रुपमा दर्ता गरेर संग्रहालय चलाउनुपरेको छ । त्यसमाथि सरकारी निकायहरु नै उठीबास लगाउन उद्दत छन् ।' उनी भन्छन् ।

सरकारी निकायहरुबाट सहयोग पाउन त के उल्टै उठीबास हुनुपर्ने अवस्था रहेको उनको भनाइ छ । गुठी संस्थानले बाजा संग्रहालय भएको सत्तल काठमाडौं विश्वविद्यालयलाई बाँकी पृष्ठ २ मा

### संघ कार्यसमितिको १०० दिन
# 'समस्या समाधानमा निरन्तर क्रियाशील'

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ पुस

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगार विभागले कार्यान्वयनमा ल्याएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली वैदेशिक रोजगार ऐन २०६४ र वैदेशिक नियमावली विपरित भए त्यसलाई अस्वीकार गर्ने बताएको छ ।

संघको निर्वाचित कार्यसमितिले सय दिनको कार्यकाल पूरा गरेको अवसरमा शुक्रबार संघमा आयोजित पत्रकार सम्मेलनमा विभागले प्रणालीका सम्बन्धमा वैदेशिक रोजगार व्यवसायी र सञ्चारकर्मीहरुलाई फरक फरक व्यवस्थाहरु देखाएकोले अन्योल उत्पन्न गरेको भन्दै संघले प्रणालीमा ऐन र नियमावली विपरितका व्यवस्था देखिए अस्वीकार गर्ने बताएको हो ।

संघका अध्यक्ष विष्णुप्रसाद गैरेले भने, 'विभागका महानिर्देशकले हामीलाई देखाउनु भएको प्रणालीको व्यवस्था र सञ्चारमाध्यममा आएको



समाचार फरक फरक पाइएको छ, प्रणालीमा श्रम स्वीकृतिका सम्बन्धमा ऐन र नियमावलीले गरेको व्यवस्था भन्दा फरक व्यवस्था भए त्यसलाई विभागले सच्याउनुपर्छ ।'

विभागले यसै महिनाको १६ गते देखि पूर्ण रुपमा बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कार्यसमितिको सय दिन उपलब्धीहीन : पोखरेल

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको वर्तमान कार्यसमितिले आफ्नो सय दिने कार्य अवधिमा वैदेशिक रोजगारका क्षेत्रमा सुधारका काम अगाडि बढाएको बताए पनि गत निर्वाचनमा फरक प्यानलबाट अध्यक्षका उम्मेदवार सरोज पोखरेलले संघको कार्यसमितिले सय दिन व्यर्थमा बिताएको टिप्पणी गरे ।

सिंहदरवारमा पुगेर मन्त्रीसँग चिया खाने बाहेक संघको नेतृत्वले समस्यामा रहेका व्यवसायीका पक्षमा माखो समेत नमारेको भन्दै पोखरलले संघको कार्यसमिति व्यवसायीका वास्तविक समस्या समाधान गर्न उन्मुख नभए संघको नेतृत्वविरुद्ध नै व्यवसायी उत्रने बाँकी पृष्ठ २ मा

# भारतीय नियन्त्रणमा नेपाली युवा

**मध्यान्ह संवाददाता**
कपिलवस्तु/१९ पुस-

एक नेपाली युवालाई भारतीय सुरक्षाकर्मीले नियन्त्रणमा लिएको छ । नेपाल भारत सीमा क्षेत्रबाट यशोधरा गाउँपालिका-८ मटेरियाका ४५ वर्षीय मुवारक खान भारतीय सुरक्षाकर्मीले नियन्त्रणमा लिएका हुन् । उनलाई शनिबार दिउँसो मर्यादपुर बजारबाट अपहरण गरेको प्रहरीले जनाएको छ ।

भारतीय सुरक्षाकर्मीले अपहरण शैलीमा खानलाई भारततर्फ लगेको तर यस बारेमा केही खुल्न नसकेको प्रहरी चौकी मर्यादपुर प्रहरी नायब उपरीक्षक सुनिल मल्लले जानकारी दिए । खानलाई गाडीमा बसालेलगत्तै नेपाल प्रहरीको मर्यादपुर प्रहरी चौकीको सुरक्षाकर्मी र सशस्त्र प्रहरीको सीमा क्षेत्रमा खटिएको सुरक्षाकर्मीको रोकावट छल्दै १० गजा क्षेत्र पास गराएका थिए ।

स्थानीयका अनुसार भारतीय सुरक्षाकर्मीहरु सादा पोशाकमा भारतीय नम्बरको जीपमा आएका थिए । घटनाबारे सीमा क्षेत्रका भारतीय सुरक्षा अधिकारीले अनभिज्ञता प्रकट गरेको उपरीक्षक मल्लले बताए ।

भारतीय सुरक्षाकर्मी अन्तर्गतको सिभिल टोलीले खानलाई पक्राउ गरेर लगेको हुन सक्ने सीमा क्षेत्र खुनुवामा खटिएका भारतीय प्रहरी अधिकारीको भनाइ छ । खान खुनुवा बजारमा मोटरसाइकल वर्कसप सञ्चालन बाँकी पृष्ठ २ मा

**आवश्यकता**

पि.आर.ओ : ५ महिला/पुरुष

+2 वा सो सरह भई मेनपावर क्षेत्रमा अनुभव भएकाहरुलाई विशेष प्राथमिकता दिइनेछ ।

**Vision & Value Overseas Pvt. Ltd.**
GPO Box: 7764, Samakhushi ,Townplanning, kathmandu
Tel: 4358395

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघको अत्यन्त जरुरी सूचना**

वैदेशिक रोजगार विभागले कार्यान्वयनमा ल्याएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली **(FEIMS)**, नेपाल वैदेशिक रोजगार व्यवसायी संघले कार्यान्वयनमा ल्याउन लागेको म्यानपावर म्यानेजमेन्ट सिष्टम **(Manpower Management System)** र संघद्वारा सञ्चालनको तयारीमा रहेको वेभ पोर्टल **(Web Protel)** का बारेमा यस नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा आवद्ध सदस्यहरुलाई राजधानीको बत्तीस पुतलीस्थित अनुपम फुडल्याण्डमा निम्न बमोजिम तालिम आयोजना गरिएकाले इजाजतपत्रवाला सञ्चालक तथा श्रम स्वीकृति प्रकृयाको जिम्मेवारी वहन गर्ने कर्मचारी एक जना गरी दुई जना प्रतिनिधि अनिवार्य सहभागी भई तालिम लिन सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीज्यूहरुमा हार्दिक अनुरोध गरिन्छ ।

| मिति | ईजाजतपत्र नं | समय |
|---|---|---|
| २०७६।०९।२० गते आइतबार (आज) | इजाजतपत्र नं १ देखि ३८५ सम्म | बिहान ११ बजे देखि १ बजेसम्म |
| २०७६।०९।२० गते आइतबार (आज) | इजाजतपत्र नं ३८६ देखि ७७० सम्म | दिउँसो २ बजे देखि ४ बजेसम्म |
| २०७६।०९।२१ गते सोमबार (भोलि) | इजाजतपत्र नं ७७१ देखि ११५५ | बिहान ११ बजे देखि १ बजेसम्म |
| २०७६।०९।२१ गते सोमबार (भोलि) | इजाजतपत्र नं ११५६ देखि माथि सबै | दिउँसो २ बजे देखि ४ बजेसम्म |

सुजित कुमार श्रेष्ठ
महासचिव

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८
E-mail: info@nafea.org.np/nafea@wlink.com.np/ nafea69@gmail.com
Website: www.nafea.org.np/ Facebook: www.facebook.com/nafeaorg

# पार्टी सक्षम, नेता असक्षम

## कांग्रेसका निर्णय सच्याउनुपर्छ : नेता पौडेल



**भरतपुर/मस–** नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले पार्टीको पछिल्लो निर्णय सच्याउनुपर्ने बताएका छन् । शनिबार भरतपुर विमानस्थलमा सञ्चारकर्मीसंग कुरा गर्दै नेता पौडेलले पुस ११ गते गरिएको निर्णय सच्याउनुपर्ने बताए ।

उनले भने, 'पार्टी सभापतिको कार्यशैलीप्रति म सहमत छैन, मैले प्रस्तुत गरेका सहमतिका बुँदाहरू टुङ्गो लगाउनुपर्छ, अनिमात्र पार्टी एक हुन्छ । उनले पार्टीमा छलफल र सल्लाह गरौंला भन्दाभन्दै सभापतिले एकलौटी गरेको आरोप लगाउनुभयो । पौडल समूहको बहिष्कारका बीच नेपाली कांग्रेस केन्द्रीय समिति बैठकले एक वर्ष म्याद थप गर्दै १४ औं महाधिवेशनको मिति तोकेको थियो ।

'पार्टीमा केही समस्या छन्', पौडेलले भने, 'समाधानका लागि मैले नौबुँदे एजेन्डा प्रस्तुत गरेको थिएँ, त्यसमा छलफल हुँदै गर्दा एकलौटी निर्णय भयो ।' उनले जीवन्त पार्टीमा साना ठूला विवाद भने भइरहने बताउँदै पार्टीलाई सुदृढ बनाउन नेता कार्यकर्ताले विकल्प खोज्ने बताए । 'म पार्टीलाई सुधार गर्दै जनताको भरोसाको केन्द्र बनाउने मिशनमा छु", उहाँले भन्नुभयो, "विकल्प कार्यकर्ताले खोज्छन् ।' नेतृत्वको असक्षमताका कारणले नै बलियो प्रतिपक्षको भूमिका खेल्न नसकिएको पौडेलले स्विकारेका छन् ।

## लोकतन्त्र जोगाउन कांग्रेस सक्षम : डा. कोइराला

**विराटनगर/मस– नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा. शेखर कोइरालाले लोकतन्त्र र प्रजातन्त्रलाई जोगाउन नेपाली कांग्रेस पार्टी सक्षम रहेको बताएका छन् । नेपाल तरूण दल क्षेत्र नं ६ मोरङद्वारा शनिबार आयोजित तरूण भेला तथा पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै उनले कांग्रेस लोकतन्त्रलाई धरापमा पार्ने शक्तिसंग जुध्न तयार रहेको बताए ।**

**केन्द्रीय सदस्य डा. कोइरालाले सरकारले देशमा महँगी र भ्रष्टाचारलाई नियन्त्रण गरी आम जनतालाई अनुभूति दिने किसिमको काम गर्न सुझाव दिए । जनताले सरकार कहाँ छन् खोज्न नपरोस् भन्ने दिशातर्फ सरकार गम्भीर हुनुपर्ने भन्दै उनले युवा शक्तिले**



**देशलाई अग्रगामीतर्फ लैजानुपर्ने धारणा राखेका छन् ।**

**नेपाली कांग्रेस विराटनगर महानगरपालिका समितिका सभापति एवं महानगरपालिका प्रमुख भीम पराजुलीले युवाहरूको सक्रियताबाट नै नेपालको विकास तीव्र गतिमा हुनेमा जोड दिएका छन् ।**

# क्षयरोग परीक्षण गर्न ड्रोन प्रयोग

**रबिन विश्वकर्मा/मध्यान्ह**
प्युठान, १९ पुस



प्युठानमा क्षयरोग परीक्षणका लागि ड्रोनको प्रयोग गरिएको छ । जिल्लाका दुई स्थानीय तह प्युठान नगरपालिका र स्वर्गद्वारी नगरपालिकाका स्थानीय स्वास्थ्यसंस्थामा संकलित बिरामीको खकारको नमुना ड्रोनमार्फत प्रयोगशालामा पुऱ्याउन सुरु गरिएको हो । नेपालमा क्षयरोगको पहिचान र नियन्त्रणका लागि एसियामै पहिलोपटक प्यूठानबाट अत्याधुनिक प्रविधि ड्रोनको परिचालन गरिएको हो । भौगोलिक रूपमा विकट मानिने प्यूठानका क्षयरोगीका बिरामीलाइ खकार जाँचकै लागी जिल्ला अस्पताल आउनुपर्ने बाध्यता थियो । तर अहिले ड्रोनको प्रयोग हुन थालेपछि नजिकैको स्वास्थ्य संस्थामा पुगेर खकार शकंलन गरे पुग्छ । ड्रोनको प्रयोगपछि स्थानीयलाई सहजता भएको छ ।

दुर्गम क्षेत्रमा बसोवास गर्ने र क्षयरोग लागेको शंका लागेर पनि जाँचगर्न जान नसकेका आर्थिक स्थिति कमजोर भएका बिरामीहरुलाई सजिलै स्वास्थ्य सेवाको पंहुचमा पुऱ्याउने उद्देश्यले प्युठानबाट यो परियोजना सुरु गरिएको बि.एन.एम.टि.नेपालका क्षेत्रिय कार्यक्रम प्रमुख गगांराम बुढाथोकीले बताए । भौगोलिक रूपमा विकट क्षेत्रमा रहेका जनतालाई स्वास्थ्यसंस्थामा पुग्न कठिन छ । उनले भने, 'कतिपय स्थानमा भौगोलिक अवस्था र स्वास्थ्यसंस्था नजिक नहुँदा रोगको पहिचान तथा सही समयमा उपचार हुन सकेको छैन ।' त्यसमाथि प्युठान पनि एक दुर्गम जिल्ला हो । उनी भन्छन्, 'यहाँ अन्य जिल्लाको तुलनामा अत्याधिक मात्रामा क्षयरोगीहरुको संख्या बढि छ,'त्यसैले दुर्गम स्थानलाई लक्षित गरी क्षयरोगको पहिचान तथा उपचारमा प्रभावकारिता ल्याउन नवीनतम प्रविधि ड्रोनको उपयोग गरिएको हो,बुढाथोकीले भने,'प्युठानमा हामिले राखेको लक्ष्य अनुसार काम भैईरहेको छ,'यसको प्रयोग प्रभावकारी बनेको छ,अब बिस्तारै देशैभरीका बिकट क्षेत्रमा सञ्चालन गर्ने योजना छ ।'

जिल्लामा हाल दुईवटा नगरपालिकामा मात्र ड्रोन परिचालन गरिएको छ।दुर्गम क्षेत्रमा रहेका स्वास्थ्य संस्थामार्फत स्थाननिय स्तरमा महिला स्वास्थ्य स्वंयसेवीका तथा अन्य स्वयम सेवकहरुले संकलन गरेका खकार नमुना स्वास्थ्य सस्थामा आउंछ। ड्रोनले एकपटकमा ३० वटासम्म नमुना ल्याउने गर्छ। मानवरहित ड्रोनको प्रयोगद्वारा प्युठान र स्वर्गद्वारी नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य केन्द्रहरूबाट सम्भावित संक्रमितको खकारको नमुना संकलन गरी जिल्ला अस्पताल जिवार र भिंग्री प्राथमिक स्वास्थ्यकेन्द्रको प्रयोगशालासम्म पुऱ्याइने जिन एक्स्पर्ट मेसिनबाट खकार जाँच गरेर क्षयरोग यकिन गर्ने काम गरीएको जिल्ला जनस्वास्थ्य प्रमुख विशाल सुवेदीले बताए । क्षयरोग न्यूनीकरण सरकारका लागि गम्भीर चुनौतीको विषय बनिरहेका वेला नयाँ प्रविधि मार्फत क्षयरोगीको पहिचान गर्न तथा उपचार गर्न सहज भएको छ,'उनले भने,जसले गर्दा छिट्टै नै समुदायमा लुकेर बसेका शंकास्पद क्षयरोगीको पत्ता लाग्ने दर बढेको छ ।' जिल्ला जनस्वास्थ्य कार्यालय प्यूठानको तथ्यांकअनुसार प्यूठानमा मात्रै ३ सय ५९ क्षयरोगीका बिरामी छन् । ड्रोनको झण्डै तीन सय पटकको उडानमा अठार सय खकारको नमुना परीक्षण गर्दा प्यूठानमा ५९ जना नयाँक्षयरोगका बिरामी फेला परेका छन । जसमध्ये दुइजना कडा खालका बिरामी भेटिएका सुवेदीले बताए । स्वास्थ्यकर्मीहरुका लागि ड्रोन उडानका लागि प्रीक्षण तालिम पनि दिएकाले आगामि दिनहरुमा यो अझ प्रभाबकारी बन्ने उनको उनको विश्वास छ ।

सन् २०५० सम्म क्षयरोग उन्मूलन गर्ने सरकारी लक्ष्य छ । नेपालमा क्षयरोगको उपचार तथा निवारणका लागि वार्षिक ७० करोड रूपैया खर्चिंदा पनि रोगबाट हुने मुत्युको कारणमध्ये सातौ स्थान क्षयरोगले ओगटेको छ । त्यति मात्र होइन, नेपालमा प्रत्येक वर्ष करिब ४५ हजार क्षयरोगका नयाँ बिरामी थपिने अनुमान विश्व स्वास्थ्य संगठनको छ, जुन उपचारको दायरामा आएका बिरामीका आधारमा गरिएको अनुमान हो । हाल नेपालमा क्षयरोगीको संख्या करिब ६० हजार छ । नेपाल सरकारले क्षयरोगको उपचार र निवारणका लागि अपनाएको रणनीति र कार्यक्रम दुवैमा परिवर्तनको आवश्यकता देखिएको समयमा ड्रोनको प्रयोग मार्फत गरिएको पछिल्लो अभ्यास केही हदसम्म भए पनि सहयोगी बन्ने छ ।

### उम्मेद्वारी दर्ता आज

# उम्मेद्वारले १० हजार धरौटी तिर्नुपर्ने

**काठमाडौं/मस–** राष्ट्रियसभा सदस्य निर्वाचनका लागि आज उम्मेदवारले उम्मेवारी दर्ता गर्नुपर्ने भएको छ। रिक्त १८ पदमा माघ ९ गते निर्वाचन हुँदैछ। त्यसका लागि आज (आइतबार) सम्बन्धित प्रदेशमा रहेका निर्वाचन अधिकृत कार्यालय पुगेर उम्मेदवारले मनोनयन दर्ता गराउनुपर्ने निर्वाचन आयोगले जनाएको छ । विहान १० बजेदेखि अपरान्ह ३ बजेसम्म मनोनयन दर्ताको समय तोकिएको छ ।




प्रदेश नम्बर १ को मोरङ, २ को धनुषा, ३ को ललितपुर, गण्डकीको कास्की, प्रदेश ५ को दाङ, कर्णालीको सुर्खेत र सुदुरपश्चिम प्रदेशको डोटीमा रहेका निर्वाचन अधिकृत कार्यालयबाट उम्मेदवारी मनोनयन दर्ता हुने आयोगका सह-सचिव एवंम प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिए । उम्मेदवारले १० हजार रूपैयाँ धरौटी बुझाउनुपर्नेछ। महिला, दलित र अल्पसंख्यकलाई भने आयोगले ५० प्रतिशत छुट दिने भएको छ । तर आर्थिक रूपमा विपन्न भन्ने प्रमाणित गरेको काजगात चाहिने प्रवक्ता श्रेष्ठले बताए ।

मनोनयन दर्ताका लागि नागरिकताको फोटोकपी, मतदाता नामावलीको उतार र धरौटी जम्मा गरेको भौचर वा नगदी रसिद पेश गर्नुपर्ने हुन्छ। दलका उम्मेदवारको हकमा दलले दिएको आधिकारिक पत्र पनि समावेश गर्नुपर्ने हुन्छ । प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिकतर्फ बन्दसूचीमा नाम रहेको भए फिर्ता लिएको आयोगबाट प्राप्त पत्र चाहिन्छ भने लाभको पदमा भए राजीनामा दिनुपर्ने हुन्छ।

प्रदेश २ मा सत्तारूढ नेकपा र राजपाबीच चुनावी तालमेल हुँदैछ। भने नेपाली कांग्रेस र समाजवादी पार्टीले पनि दुई-दुई सिट बाँड्ने गरी तालमेल गरेका छन् । निर्वाचनका लागि नेकपाले नेकपा र नेपाली कांग्रेसले १६/१६, राजपाले २ जना उम्मेदवारको नामावली सार्वजनिक गरेका छन् । ती बाहेक अन्य दलले नाम टुंगो लगाएका छैनन् ।

### संघ ...

लागू गरेको प्रणालीबारे संघले आइतबार र सोमबार विभागका प्रतिनिधिहरुको उपस्थितिमा आफ्ना सदस्यहरुलाई तालिम दिने कार्यक्रम राखेको छ ।

शुक्रबारको पत्रकार सम्मेलनमा संघका अध्यक्ष गैरेले भने, 'सूचना व्यवस्थापन प्रणालीले श्रम स्वीकृतिका लागि व्यवसायीलाई फाईल बोकेर वैदेशिक रोजगार कार्यालय ताहाचल धाउनुपर्ने अवस्थाको अन्त्य राम्रो पक्ष भएपनि कामदार छनोटका लागि प्रयोगमा ल्याउन खोजिएको प्रणाली कानून सम्मत र सबैका लागि मान्य हुनै पर्छ ।'

वैदेशिक रोजगारीमा जाने अधिकांश युवा नेपालको ग्रामिण भेगका हुने र उनीहरुमा सरकारले ल्याएको प्रणाली व्यवहारिक नहुने भन्दै अनलाईनबाट आवेदन अनिवार्य गरिनु न्यायोचित नहुने बताए। अध्यक्ष गैरेले प्रश्न गर्दै भने, 'फ्याक्ट्री वर्कर, मेसन, कार्पेण्टर, लण्ड्रिम्यान जस्ता कामका लागि जानेले कसरी अनलाइन आवेदन गर्नसक्छ ?'

संघका महासचिव सुजित कुमार श्रेष्ठले पनि विभागका तर्फबाट अनलाइन प्रणालीका सम्बन्धमा देखाइएका 'डेमो' भन्दा फरक व्यवस्था गरिएको सञ्चारमाध्यम मार्फत सार्वजनिक भएकोमा आश्चर्य व्यक्त गर्दै कामदार छनोटको अधिकार व्यवसायी र रोजगारदाताको हुनुपर्ने, त्यसमा सरकारले हस्तक्षेप गर्न पाउने व्यवस्था हुन नुहने बताए ।

महासचिव श्रेष्ठले भने, 'वैदेशिक रोजगारीमा जाने कामदारको छनोट र नेपालको लोकसेवा आयोगले निजामती सेवाका लागि गरिने छनोट एउटै प्रकार हुन सक्दैन, छनोट लगत्तै कामदारको अयोग्यता वा चारित्रिक कारण देखिए व्यवसायीले नै त्यस्ता कामदारको नाम सूचिबाट हटाउन पाउनुपर्छ, यसमा विभागको नियन्त्रण व्यवसायीलाई मान्य छैन, स्वतन्त्रता पूर्वक पेशा व्यवसाय गर्ने हक माथि अनुचित बन्देज हो, त्यसलाई हामी मान्दैनौं ।'

संघका पूर्व अध्यक्ष एवं सल्लाहकार विमल ढकालले नेपालको वैदेशिक रोजगार सस्तो लोकिप्रियता आर्जन गरेर आफुलाई समाजमा 'सेलिब्रिट'का रुपमा प्रश्तुत गर्न चाहने मन्त्री तथा प्रशासकहरुका कारण अस्तव्यस्त र लथालिङ्ग बनेको भन्दै विभागले प्रयोगमा ल्याएको सूचना प्रणाली लोकसेवा आयोगले निजामती सेवाका लागि कर्मचारी छनोट गरेको जस्तो हुन नसक्ने बताए । उनले भने, 'वैदेशिक रोजगारमा जानेहरुको अन्तर्वार्ता छनोट लोकसेवाले लिने परिक्षा जस्तो गर्न सम्भव हुँदैन, त्यसैले व्यवहारिक भएर सोच्न आवश्यक छ ।'

संघका अर्का सल्लाहकार प्रज्ञान न्यौपानेले पनि अन्तर्वार्तापछि छनोट सूचीमा परेका व्यक्तिको नाम हटाउन विभागको अनुमति लिनुपर्ने विषय अनुचित रहेको टिप्पणी गरे । छनोटमा परेका सबै कामदारको भिसा विदेशबाट नआउने र वैदेशिक रोजगारमा जाने कामदारलाई लोकसेवा आयोगको जस्तो वैकल्पिकमा राख्न नमिल्ने बताए ।

वैदेशिक रोजगारमा जाने कामदारलाई नेपाल सरकारले भिसा दिने नभई विदेशका निकायले दिने भएकाले म्यानपावर व्यवसायीहरुले छानेका सबैलाई विदेशका रोजगारदाताले अस्वीकार गरेर अन्यलाई स्वीकृत गर्न सक्ने भएकाले त्यसलाई विभागले बुझ्नुपर्ने न्यौपानेको भनाइ थियो ।

व्यवसायीहरुले वैदेशिक रोजगारमा जाने कामदारको राहदानी राख्न नपाउने भनी सार्वजनिक समाचारको पनि आलोचना गरे । महासचिव श्रेष्ठले वैदेशिक रोजगार ऐन, २०६४ अनुसार वैदेशिक रोजगारमा जान चाहने व्यक्तिले दिएको राहदानी व्यवसायीले तीन महिना राख्न पाउने व्यवस्था गरेको विषयलाई विभागले स्मरणमा राख्नुपर्ने बताए ।

सूचना पणालीसँगै व्यवसायीहरुले वैदेशिक रोजगार व्यवसायीको ईजाजतपत्र नवीकरणका लागि पछिल्ला दुई आर्थिक वर्षमा प्रत्येक आर्थिक वर्ष अनिवार्य रुपमा एक एक सय जना कामदार पठाएको हुनुपर्ने वैदेशिक रोजगार नियमावली व्यवस्थाको पनि चर्को आलोचना गरे ।

अध्यक्ष गैरेले नियमावलीमा सय जनाको थ्रेसहोल्ड राखेर व्यवसायीलाई आतंकित पारेको भन्दै तत्काल ऐन र नियमावलीको उक्त व्यवस्थामा संशोधनको माग गरे। सय जनाको थ्रेसहोल्ड हटाउने विषयमा संघले मन्त्रालयमा पहल गरिरहेको जानकारी दिँदै यस विषयमा मन्त्री तथा सचिवसँग कुराकानी भइसकेको जानकारी दिए । त्यसैगरी उनले कतार भिसा सेन्टर, मेडिकल, भिएलएन जस्ता वैदेशिक रोजगार प्रक्रियामा सहभागी संस्थाहरुलाई प्रदेशस्तरमा लैजानुपर्ने माग पनि गरे ।

संघका पूर्व अध्यक्ष ढकालले म्यानपावर कम्पनी नवीकरण गर्नकै लागि वार्षिक एकसय जना कामदार अनिवार्य रुपमा पठाउनुपर्ने व्यवस्थाले विकृतिलाई प्रोत्साहित गर्ने दावी गरे । उनले भने, ' वार्षिक रुपमा सय जना कामदार पठाउनै पर्छ भन्ने वाध्यताले जसरी भएपनि कामदार पठाउँदा कामदार समस्यामा पर्छन्, यसले गुणस्तरीय वैदेशिक रोजगारको मर्मलाई नै मार्ने छ ।'

अर्का सल्लाहकार किरण किशोर घिमिरेले नेपालको २ करोड ८० लाख जनसंख्या मध्ये अत्यन्त न्यून जनसंख्या मात्र प्रविधिका बारेमा जानकार रहेको भन्दै व्यवहारिक रुपमा जटिल भएपनि सैद्धान्तिक रुपमा राम्रो देखाउन लागू गरिने प्रणालीले समस्या मात्र सिर्जना गर्ने दावी गरे । विभागले लागू गरेको प्रणालीले साउदी अरब लगायत खाडी मुलुकबाट आउने डिमाण्डको श्रम स्वीकृतिमा गम्भीर समस्या सिर्जना गर्ने भन्दै सल्लाहकार घिमिरेले प्रणालीका अव्यहारिक पक्ष हटाउनुपर्ने माग गरे ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरमका महासचिव तारानाथ अर्यालले व्यवसायीले राहदानी नराखे कसले राख्ने भन्ने प्रश्न गर्दै विभागले ल्याउने अव्यहारिक प्रणालीको व्यवसायीहरुले प्रतिवाद गर्ने बताए।

संघले वैदेशिक रोजगार ऐन २०६४को ८७ मध्ये २३ दफामा संशोधन माग गरेको छ । श्रम मन्त्रालयले वैदेशिक रोजगार ऐन संशोधनको प्रक्रिया अघि बढाइरहेका बेला संघले २३ वटा दफामा संशोधानको माग गरेको हो ।

पत्रकार सम्मेलनमा महासचिव श्रेष्ठले श्रम मन्त्रालय, विभाग, वैदेशिक रोजगार बोर्डको हालको संरचना हटाई श्रीलंकामा जस्तो वैदेशिक रोजगार प्राधिकरण गठन गर्नुपर्ने, पूर्व श्रम स्वीकृतिको प्रावधान हटाउनुपर्ने, सेवा शुल्क परिमार्जन गरेर दक्षिण एशियाका अन्य मुलुकहरु सरह बनाउनुपर्ने, वैदेशिक रोजगारीमा जाने कामदार हरुले गर्ने म्यादी वीमाको प्रिमियम रकमको पुनरावलोकन गर्नुपर्ने, वैदेशिक रोजगार बैंकको स्थापना, वैदेशिक रोजगारमा जाने कामदारको दायित्व लगायतका प्रावधान थप गर्ने लगायतका विषय सिफारिस गरिएको बताए ।

### रामचन्द्र...

नसके फागुनमा गर्न सकिन्छ । तर, फागुन भने पछि फागुनमा हुन्न । पौडेलको बहिष्कारबारे प्रष्ट्याउँदै ती नेता भन्छन्, "२०७८ वैशाखमा स्थानीय तहको निर्वाचन हुँदैछ। त्यसो हुँदा सभापति देउवाले विशेष कारण देखाएर महाधिवेशन सार्ने निश्चित छ ।" सभापति देउवा निकट नेताहरु भने यसलाई स्वीकार्दैनन् । किनभने, निर्धारित मितिमा निर्वाचन हुनेमा विश्वास गर्नुपर्ने उनीहरुको तर्क छ ।

### भारतीय...

गर्दै आएका थिए । उनलाई के कति कारणले अपहरण गरेर लगेको भन्नेबारे केही खुल्न आएको छैन् ।

### कार्य...

परिवेश सिर्जना भइरहेको बताए । उनले व्यवसायीले लिन पाउने सेवा शुल्क परिमार्जन तथा अन्य नीतिगत परिवर्तन नगरेसम्म मन्त्री वा अन्य पक्षसँग भेटघाट गरेको समाचारले कुनै अर्थ नराख्ने बताए ।

### उपेक्षामा...

बढी पैसामा भाडामा दिएकाले आफूमाथि दबाव बढेको उनले बताए । त्यसो त यसअघि उनले भद्रकाली मन्दिर परिसरमा रहेको एक भवनमा संग्रहालय स्थापना गरेका थिए ।

परम्परागत बाजाहरूको संरक्षण गर्ने उनको दायित्व पनि हो । तर, गुठी संस्थान यसको संरक्षण गर्ने आफ्नो कर्तव्य ठान्दैन् । गुठी संस्थानका सूचना अधिकारी सरोज थपलिया भजन गाउँनेलाई भवन दिएर संस्थान बस्न नसक्ने बताउँछन् ।

संग्राहलयसँगको भाडा सम्झौता सकिएको झण्डै एक वर्ष हुन लागेको अन्यत्र सर्नुको विकल्प नरहेको थपलियाको भनाइ छ । 'त्यहाँबाट हट्न पत्र पठाएको पनि धेरै भएको तर, अहिलेसम्म हट्न मानेको छैन् । त्यस्ता भजन गाएर बस्ने संस्थाको जिम्मा राज्यले लिने हो ।

त्यो हाम्रो काम होइन् ।' सूचना अधिकारी थपलियाले भने ।

# नवलपरासीमा प्रभावकारी बन्दै आयुर्वेद औषधालय

**इमरान खान/मध्यान्ह**
नवलपरासी, १९ पुस

विगतको केही बर्ष देखी हजारौं मानिसहरु आयुर्वेद औषधी तर्फ आकर्षित हुदै गएको देखिन्छ । बिरामीहरुको चाप दिनहुँ बढदै जाँदा ठूला अस्पतालहरुमा धाउने प्रचलन रहेता पनि केही मानिसहरुले आयुर्वेदिक औषधी निकै प्रभावकारी रहेको बताउँछन् । यसैगरी नवलपरासीको गुठी परसौनी आयुर्वेद औषधालय निकै प्रभावकारी हुँदै गएको साथै उक्त औषधालयमा दिनहुं बिरामीहरुको चासो बढदै गएको छ ।

वि.सं. २०७२ असार २६ गते उक्त औषधालयको स्थापना भयो तर यसप्रति यहाँका मानिसहरुको त्यति चासो देखिएन । बिरामीहरुको न्यून उपस्थितिको अवस्था रहँदा बिभिन्न किसिमको जनचेतनामुलक



कार्यक्रम, निःशुल्क स्वास्थ्य शिविरको आयोजना भएसँगै हालका दिनमा बर्षेनी करिब १६ हजार मानिसहरुले लाभान्वित भएको आयुर्वेद औषधालय गुठी परसौनीका कार्यालय प्रमुख दिनबन्धु मिश्राले जानकारी दिए ।

मिश्राले दिएको जानकारी अनुसार औषधालयले बाथरोग, पेटरोग, पाईल्स (बवासिर) चर्मरोग, मुत्रसम्बन्धी तथा स्त्रीरोग जस्ता बिरामीहरुलाई सेवा दिँदै आएको छ । यसलाई थप प्रभावकारी बनाउनका लागि बिभिन्न सरोकारवाला तथा सम्बन्धित निकायहरुसंग पहल भइरहेको उनले बताए । कार्यालयको स्थायीरुपमा निजी भवन नभएको हुदाँ दिईने सेवा बिस्तारमा समस्या भएको र नियमित योग, प्राकृतिक औषधीको उत्पादन, ताजा जडीबुटी तथा जुसको उत्पादन गरी बितरण गर्न समस्या रहेको कार्यालयले जनाएको छ ।

आयुर्वेद औषधालय सेवा सुचारु भएपछि कार्यालयलाई प्रतापपुर गाँउपालिकाले बिभिन्न किसिमको योजनासगैं हर सम्भव प्रयास गरिरहेको साथै आउने दिनहरुमा अपेक्षित मानिसहरुलाई सेवा प्रदान गर्ने मिश्राले बताए । जिल्लामा गुठी परसौनी, पाल्ही, कुश्मा, सरावल र शाखा कार्यालय बर्दघाट अवस्थित रहेका छन् ।

# गाउँमा सिंहदरबार आयो, कर्मचारी आएनन्

बैतडी/मस- बैतडीको पुर्चौंडी नगरपालिकाका वडाहरु सचिव विहिन हुँदा सेवाग्राही मर्कामा परेका छन् । नगरपालिकामा १० वटा वडा रहेकोमा सबै वडाहरुक सचिवविहीन छन् । स्थानीयका अनुसार नगरपालिका स्थापना भएदेखि नै वडाहरूमा सचिवको अभाव भएको हो ।

नगर उपप्रमुख जानकी बमले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "वडाहरूमा सचिव नहुँदा नगरपालिकाले सम्पादन गर्ने काममा बाधा पुगेको छ ।"

दशवटै वडामा सचिवको काम प्राविधिक सहायकहरूले गर्नु परिरहेको नगरपालिकाका सूचना अधिकारी प्रवीन धानुकले बताए । वडाका अधिकांश काम नगरपालिकाबाटै हुने भएकाले नागरिकले नगरपालिका धाउनुपर्ने बाध्यता रहिआएको छ । उनले भने, 'सामाजिक सुरक्षाभत्ता लगायतका कामहरू पनि नगरबाटै सम्पादन गर्ने गरिएको छ ।'

**कम्पनी स्वेच्छिक खारेजी गर्ने बारेको सूचना**

बुङ्गमती कम्युनिकेशन एण्ड साइबर सेन्टर प्रा.लि. को मिति २०७६/०८/१७ मा सम्पन्न बिशेष साधारणसभाले विशेष प्रस्ताव पारित गरी कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम कम्पनीलाई स्वेच्छिक रुपमा खारेजीमा लैजाने निर्णय गरी मलाई सोही ऐनको दफा १३१ बमोजिम लिक्वीडेटरमा नियुक्त गरेकोले यस कम्पनीसँग कुनै लेनदेन भए सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र निम्नानुसारको ठेगानामा सम्पकए राख्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त मितिपछि प्राप्त दावी विरोध उपर कुनै कारबाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**लिक्वीडेटर : श्रीधर न्यौपाने**
**ठेगाना : काठमाडौं-११, काठमाडौं**
**इजाजत पत्र नं. २३८, फोन नं. ९८२३१९७३०९**

**कम्पनी स्वेच्छिक खारेजी गर्ने बारेको सूचना**

बुङ्गमती कम्युनिकेशन एण्ड साइबर सेन्टर प्रा.लि. को मिति २०७६/०८/१७ मा सम्पन्न बिशेष साधारणसभाले विशेष प्रस्ताव पारित गरी कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम कम्पनीलाई स्वेच्छिक रुपमा खारेजीमा लैजाने निर्णय गरी मलाई सोही ऐनको दफा १३१ बमोजिम लिक्वीडेटरमा नियुक्त गरेकोले यस कम्पनीसँग कुनै लेनदेन भए सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र निम्नानुसारको ठेगानामा सम्पकए राख्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त मितिपछि प्राप्त दावी विरोध उपर कुनै कारबाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**लिक्वीडेटर : श्रीधर न्यौपाने**
**ठेगाना : काठमाडौं-११, काठमाडौं**
**इजाजत पत्र नं. २३८, फोन नं. ९८२३१९७३०९**

**माईग्रेसन प्रमाणपत्र हरायो**

निम्न नाम थर र जन्म मिति भएको माईग्रेसन प्रमाणपत्र हराएको हुदाँ पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकीमा वा निम्न ठेगानामा सम्पर्क गारिदिनहुन अनुरोध गर्दछु।

**नाम : आराधना शाही**
**जन्म मिति : २०५६।१०।२३**
**रजिष्ट्रेसन नं. : ७३२७५११०१**
**सम्पर्क नं. : ९८१३०९४९३५**

**तु- आवश्यकता**

एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

| सि.नं. | आवश्यक पद | संख्या |
| --- | --- | --- |
| १. | Documentation | २ महिला |
| २. | Receptionist | २ महिला |
| ३. | Officer Secretary | १ महिला |
| ४. | Manager | १ महिला |

तलब आपसि सहमतिमा हुनेछ ।

नोटः कम्तीमा +२ पास, कम्प्युटरमा दक्ष र सम्बन्धित क्षेत्रमा २ वर्ष भन्दा बढीको अनुभव भएकाहरुलाई विशेष प्राथमिकता दिइनेछ ।


**Kankai Recruitment Suppliers Pvt. Ltd.**
Govt. Lic.No 946/067/068
KMC-3, Basundhara, Kathmandu, Tel.: 4354490, 014382159
Mob.: 9851003485, 9851033617, E-mail : kankairecruitment4@gmail.com

# कार्यसम्पादनमा अग्रणी प्राधिकरण

**काठमाडौं/मस-** विद्युत् चोरी तथा चुहावट नियन्त्रण, गर्दै सेवा प्रवाहमा रणनीतिक सुधार गर्ने लक्ष्यका साथ नेपाल विद्युत् प्राधिकरणले वितरण तथा ग्राहक सेवातर्फका १३८ कार्यालय प्रमुखले व्यवस्थापनसंग कार्यसम्पादन सम्झौता गरेका छन् ।

चालु आर्थिक वर्षका लागि प्राधिकरणका सात प्रादेशिक तथा दुई प्रदेश डिभिजन कार्यालय प्रमुखहरू र मातहतका १२९ वितरण केन्द्र प्रमुखसंग कार्यसम्पादन सम्झौता सम्पन्न भएको हो । प्राधिकरण व्यवस्थापनसंग शनिबार प्रदेश-५ को प्रादेशिक कार्यालय बुटवलका प्रमुख र मातहतका वितरण केन्द्र प्रमुखहरूले सम्झौता गरेसंगै चालु आवका लागि वितरण तथा ग्राहक सेवातर्फको कार्यसम्पादन सम्झौता सकिएको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङसंग प्रादेशिक तथा प्रदेश डिभिजन कार्यालय प्रमुखहरूले र वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक हरराज न्यौपानेसंग वितरण केन्द्र प्रमुखले कार्यसम्पादन सम्झौता गरेका हुन् ।कार्यसम्पादन सम्झौता मार्गनिर्देशक निर्देशिका भएकाले ग्राहकलाई दिने सेवामा सुधार र कार्यालयभित्रको कार्यसम्पादनमा चुस्तता आई समग्ररूपमा संस्थाको




प्रशासनिक तथा वित्तीय अवस्थामा सकारात्मक प्रभाव पर्ने प्राधिकरणले विश्वास लिएको छ ।

'मैले नेपाल सरकारसंग गरेको कार्यसम्पादन सम्झौतालाई नतिजामुखी बनाउन उपयुक्त व्यक्तिलाई उपयुक्त स्थानमा जिम्मेवारी दिई कार्य सम्पादन सम्झौता गरिएको छ', उनले भने, 'सम्झौतामा विद्युत् चुहावट घटाउने, प्रशासनिक खर्च घटाउने, बाँकी बक्यौता असुल गर्ने, गुणस्तरीय, भरपर्दो तथा सुरक्षित विद्युत् सेवा प्रदान गर्ने, ग्राहक सेवाको स्तरवृद्धि गर्ने लगायतका कार्यसम्पादन सूचाङ्क निर्धारण गरिएकाले यसको कार्यान्वयनबाट उपभोक्तालाई विश्वसनीय, भरपर्दो गुणस्तरीय सेवा प्रवाह उपलब्ध भई संस्थाको वित्तीय स्वास्थ्यमा पनि सकारात्मक प्रभाव पार्नेछ ।' उनले आन्तरिक व्यवस्थापन र नियन्त्रण प्रणालीलाई चुस्त-दुरुस्त बनाउँदै संस्थाभित्र सुशासन कायम गर्न निरन्तर क्रियाशील रहेको बताए ।

प्राधिकरणले चालु आव २०७६/७७ मा वितरणतर्फको विद्युत् चुहावट ८.५० प्रतिशतमा झार्ने लक्ष्य राखिएको छ । प्राधिकरणले गत आर्थिक वर्ष २०७५/७६ मा वितरणतर्फको ११.२८ प्रतिशतको चुहावटलाई २.७८ प्रतिशत विन्दुले घटाएर ८.५० प्रतिशतमा झार्ने लक्ष्य तय गरेको हो ।

तीन वर्षअघिसम्म विद्युत् चुहावट २५.७८ प्रतिशत रहेकामा गत आवसम्ममा १५.३२ प्रतिशतमा झारिएको छ । तीन वर्षभित्रमा १०.४६ प्रतिशत विद्युत् चुहावट नियन्त्रणबाट मात्र प्राधिकरणले वार्षिक करिब रु सात अर्ब थप आम्दानी गरेको छ । तीन वर्षभित्रमा मुलुकलाई पूर्ण रूपमा विद्युतीकरण गर्ने सरकारको लक्ष्यलाई पूरा गर्न व्यापक रूपमा अभियान नै चलाइएको कार्यकारी निर्देशक घिसिङको भनाइ छ । सरकारले तीन वर्षभित्र शत्प्रतिशत विद्युतीकरण गर्ने र पाँच वर्षभित्रमा प्रतिव्यक्ति ऊर्जा खपत सात सय युनिट पर्‍याउने योजना बनाएको छ । विद्युतीय सुरक्षा, आफ्नो कार्यालयअन्तर्गत ग्रामीण विद्युतीकरण, गुणस्तरीय र भरपर्दो विद्युत् आपूर्ति लगायतका विषयलाई सम्झौतामा समेटिएको छ । कार्यसम्पादनमा राखिएका सूचकहरूको वस्तुनिष्ठ मूल्याङ्कन गरी शाखाप्रमुखलाई पुरस्कार र दण्ड दिने व्यवस्था गरिएको छ । प्राधिकरण व्यवस्थापनले कार्यसम्पादन सम्झौता हरेक प्रादेशिक, प्रदेश डिभिजन कार्यालय र वितरण केन्द्रप्रमुखबाट चुहावट नियन्त्रण, विद्युतीकरण, सेवा प्रवाहमा रहेका समस्या र चुनौतीका लगायतका विषयमा जानकारी लिएको छ ।

व्यवस्थापनले विद्युतीय सुरक्षामा ध्यान दिन, विद्युत् खपत बढाउन ग्राहक बढाउन, प्राविधिक चुहावट घटाउन योजनाबद्ध रूपमा अगाडि बढ्न, सेवा प्रवाह सुधार्न, आफ्नो कार्यालयअन्तर्गतका क्षेत्रमा शत्प्रतिशत विद्युतीकरण गर्न वित्तीय अनुशासनमा रहेर बजेट खर्च गर्न प्रादेशिक तथा डिभिजन कार्यालय र मातहतका वितरण केन्द्र लेखा र स्टोर प्रमुखहरूलाई निर्देशन दिएको छ । प्राधिकरण व्यवस्थापनले वितरण ट्रान्सफर्मर, मिटर, केवल, पोल लगायतका उपकरण समयमै उपलब्ध गराउने र कानूनी परिधिभित्र रहेर स्वतन्त्रपूर्वक काम गर्न दिने प्रतिबद्धता जनाएको छ ।

प्राधिकरणले प्रदेश-५ को प्रादेशिक कार्यालय बुटवल मातहतका वितरण केन्द्रहरूको वितरणतर्फको विद्युत् चुहावटलाई ९.२६ प्रतिशतमा झार्ने भएको छ । प्राधिकरणले प्रादेशिक कार्यालय बुटवललाई आर्थिक वर्ष २०७५/७६ मा १२.३९ प्रतिशत रहेको विद्युत् चुहावटलाई घटाएर चालु आवमा ९.२६ प्रतिशतमा झार्ने लक्ष्य दिएको हो । कार्यालयको मङ्सिरसम्ममा औसत विद्युत् चुहावट १०.३२ प्रतिशत छ ।

प्रादेशिक कार्यालय बुटवल मातहत प्रदेश नं ५ मा पर्ने ६ जिल्लाका ११ वितरण केन्द्रहरू छन् । कार्यालय अन्तर्गतका ग्राहकको सङ्ख्या चार लाख ३९ हजार छ भने ८४.४८ प्रतिशत विद्युतीकरण भएको छ । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङसंग प्रादेशिक कार्यालयका प्रमुख नवराज सुवेदीले कार्यसम्पादन सम्झौता गर्नुभएको छ । वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक हरराज न्यौपानेसंग वितरण केन्द्र प्रमुखहरूले सम्झौता गरेका छन् ।

# विभिन्न दुर्घटनामा एकको मृत्यु, ७ घाइते

**काठमाडौं/मस-** भक्तपुरमा दुर्घटनामा परेर एक जनाले ज्यान गुमाएका छन् । शनिबार अरनिको राजमार्गअन्तर्गत भक्तपुर नगरपालिका-१ सिर्जनानगरमा काठमाडौंबाट भक्तपुरतर्फ जाँदै गरेको एनएल ०१ एडी ५९१८ नम्बरको कन्टेनर गाडीका सहचालकलाई स्कुटरले ठक्कर दिँदा निजको मृत्यु भएको हो ।



कन्टेनर गाडी पछाडि सार्ने क्रममा ठाउँ माग्दै गरेका सहचालक फरकुवावाद भारतका २५ वर्षीय नरेन्द्र पाललाई काठमाडौंबाट भक्तपुरतर्फ जाँदै गरेको बा ९२ प ३४०९ नम्बरको स्कुटरले ठक्कर दिएको थियो । गम्भीर घाइते पालको डा. इवामुरा मेमोरियल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको महानगरीय प्रहरी परिसर भक्तपुरले जनाएको छ । स्कुटर चालक सूर्यविनायक नगरपालिका-९ नलिनचोकका ३८ वर्षीय वसन्त देउजालाई पक्राउ गरी अनुसन्धान थालिएको प्रहरीले जनाएको छ । यसैगरी, सिन्धुपाल्चोक सुनकोशी गाउँपालिका-७ स्थित लामोसाँघु जिरी सडक खण्डको ६ किलोमा शनिबार बिहान जीप दुर्घटना हुँदा ७ जना घाइते भएका छन् ।

घाइतेमध्ये एक जनाको टाउकोमा गहिरो चोट लागेकाले उपचारको लागि काठमाडौंलगिएको र अरुको अवस्था सामान्य रहेको इलाका प्रहरी कार्यालय बाह्रबिसेले जनाएको छ ।

प्रहरीका अनुसार काठमाडौं सितापाइलाबाट दोलखाको कालिञ्चोक मन्दिर जाँदै गरेको बा २ च ६९६५ नम्बरको जीप सडकबाट करिब १० मिटर तल खसेरको थियो । सोही ठाँउमा गत मंसिर २९ गते बस दुर्घटनामा परि १६ जनाले ज्यान गुमाएका थिए भने १९ जना घाइते भएका थिए ।

# कुहिने र नकुहिने फोहर संकलन फरक-फरक दिन

**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकाले कुहिने र नकुहिने फोहर फरक-फरक दिन संकलन गर्न सुरु गरेको छ । महानगरपालिकाले सबै फोहर एकै स्थानमा व्यवस्थपन गर्दा समस्या सिर्जना भएको भन्दै भन्दै हप्तामा चार दिन कुहिने र तीन दिन नकुहिने फोहर संकलनकार्य शुरु गरेको हो । सबै बत्तीस वडा रहेको महानगरले पहिलो चरणमा वडा नं १२, १८ र २१ मा यसको शुरुवात गरेको छ ।



महानगरपालिकाको वातावरण व्यवस्थापन विभागका प्रमुख हरिकुमार श्रेष्ठले आइतबार, मङ्गलबार, बिहीबार र शनिबार नकुहिने र सोमबार, बुधबार र शुक्रबार कुहिने फोहर संकलन कार्य गर्ने भइरहेको बताएका छन् । उनले भने, 'तोकिएको समयअनुसार फोहर संकलन गर्ने सवारीसाधनले कुहिने र नकुहिने फोहर संकलन गर्नेछन् ।' विभागले फोहरको सही सदुपयोग गर्न वर्गीकरण शुरु गरेको जनाएको छ ।

पहिलो केही वडामा काम शुरु गरेको भए पनि अन्य वडामा पनि यस किसिमको कार्यको थालनी गर्नका लागि अभ्यास भइरहेको श्रेष्ठले बताए । अव्यवस्थित शहरीकरण, आवश्यक पूर्वाधारको अभाव, जनसङ्ख्या वृद्धि, जनचेतनाको अभावजस्ता कारणले कामपा क्षेत्रको फोहरमैला व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको अवस्थामा फोहर संकलन गर्न नयाँ व्यवस्था लागू गरिएको हो ।

आगामी दुई महिनाभित्र ३२ वटै वडामा वर्गीकरण गरिएको फोहर व्यवस्थापन गर्ने तयारी गरेको महानगरपालिकाले जनाएको छ । अहिले उपत्यकामा घरेलु, औद्योगिक, रासायनिक, स्वास्थ्य संस्थाजन्य वा हानिकारक फोहरमैला उत्पादन बढी हुने गरेको पाइन्छ ।

फोहरलाई स्रोतमा नै व्यवस्थापन गर्ने प्रणालीको विकास गर्दै फोहरमैलाको परिमाण कम गर्न घर-घरबाट उत्सर्जन हुने जैविक र अजैविक फोहर फरक किसिमले भाँडोमा राख्ने परिपाटीको विकास गर्न तालिका बनाएर फोहर संकलनगरेको उनी भन्छन् ।

यसरी संकलनगरिएको जैविक र अजैविक फोहर छुटचाई जैविकलाई कम्पोस्ट मलमा रुपान्तरण गर्ने, करेसाबारीमा प्रयोग गर्ने अजैविक फोहरलाई पुनःप्रयोग गर्ने गरी यस कामपाले यस किसिमको विधि अपनाएको हो । हाल उपत्यकाका १८ स्थानीय निकायबाट दैनिक एक हजार ४५ टन फोहर संकलनहुने गरेको छ ।

# 'कुख्यात अपराधी' साइला पक्राउ

**धादिङ/मस-** प्रहरीको कुख्यात अपराधी सूचीमा रहेका साइला उर्फ दुर्गा बहादुर तामाङ पक्राउ परेका छन् प्रहरीले उनलाई कास्कीबाट पक्राउ गरेको हो । धादिङको उत्तरी क्षेत्रमा हत्या, डकैती र लुटपाट मच्चाएर सर्वसाधारणमा त्रास फैलाउँदै आएका माइलामाथि २ जनाको हत्या र कैलाश दिक्षितलाई ज्यान मार्ने धम्कि दिएर ६ लाख दश हजार नगद र मोबाईल लुटेको आरोप छ । हत्या केशमा जिल्ला अदालत धादिङले फैलि समेत सुनाई सकेको छ । धादिङको खनियाबास गाउँपालिका-४ घर भएका साइलाले २०६७ साल कात्तिक १० गते धारिलो हतियार प्रहार गरी शिव थापाको हत्या गरेको थिय । जसमा उनलाई जिल्ला अदालत धादिङले ५ वर्ष कैद तोकेको छ । माइलाले थापालाई दार्खा-१ पातले भिर नजिकै धापरलो हतियार प्रहार गरी हत्या गरेका थिए । यस्तै उनीमाथि भिषण सिंखडालाई २०६९ साल मंसिर १९ गते धादिङ दार्खा-१ कै रातिमाटेमा हत्या गरेका आरोप पनि लागेको छ । प्रहरीका अनुसार सिंखडाको २०७६ साल जेठ ८ गते हत्या भएको थियो ।



प्रहरीको एक टोलिले शुक्रबार साइलालाई कास्की पोखरा महानगरपालिका-२५ खुट्टेगौंडा स्थित चुम्राङ्गमा परिचय लुकाएर बसिरहेको अवस्थामा पक्राउ गरिएको थियो ।

# लहानमा कैदीलाई कम्बल

**लहान/मस-** विगत केही दिनयता बढेको अत्यधिक चिसो र शीतलहरले कष्टकर जीवन बिताइरहेका सिरहा कारागारका कैदीबन्दीलाई शनिबार बिहान जिल्ला प्रशासन कार्यालय सिरहाले कम्बल वितरण गरेको छ । प्रशासनले कारागारमा रहेका करिब ५० जना कैदिलाई कम्बल वितरण गरेको हो । उनीहरुमा २५ जना महिला र २५ जना पुरुष रहेका छन् ।

त्यस्तै चिसोबाट पीडित सिरहाको गोलबजार नगरपालिका-७ का २५० जना ज्येष्ठ नागरिक तथा एकल महिलालाई नगरपालिकाले न्यानो कपडा र खाजा वितरण गरेको छ । उक्त वडाका ९५ जना ज्येष्ठ नागरिक, ४३ जना दलित ज्येष्ठ नागरिक, ९९ जना एकल महिला गरी २५० जनालाई कम्बल प्रदान गरेको वडा अध्यक्ष जगतकुमार श्रेष्ठले बताए । सोही अवसरमा उपस्थित ज्येष्ठ नागरिक तथा एकल महिलाको निःशुल्क स्वास्थ्य परीक्षण समेत गरिएको वडाअध्यक्ष श्रेष्ठले बताए ।

यसअघि सिरहा नगरपालिका र बिष्णुपुर गाउँपालिकाले पनि विभिन्न वडाका ३ सय बढी ज्येष्ठ नागरिक तथा विपन्न परिवारलाई कम्बल वितरण गरिएको थियो । त्यस्तै सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिकाले पनि वडा नम्बर १ देखि ६ वटाका ज्येष्ठ नागरिक तथा विपन्न परिवारलाई कम्बल बितरण गरेको छ भने स्थानीय स्तरमा आगो समेत बालेको छ ।

चिसो र शितलहर शुरु भएसंगै सिरहामा स्थानीय तह र स्थानीय प्रशासनले सक्रियता बढाएका छन् । स्थानीय तह र स्थानीय प्रशासनले सक्रियता बढाएपछि यसवर्ष सिरहामा चिसोका कारण अहिलेसम्म कुनै मानवीय क्षति नभएको स्थानीयले बताएका छन् ।

# पुसको झरिमा सफाई अभियान

**काठमाडौं/मस-** काठमाडौं उपत्यकामा वाग्मती सफाइ महाअभियान सुरुवात भएको ३४७ हप्ता भयो । काठमाडौंलाई सफासुग्घर राख्न यो अभियानको आयोजना गरिएको थियो । जुन अहिले पनि जारी रहेको छ ।



मिचपचास मध्येको पुस महिनाको ठिहिऱ्याउने चिसाले मान्छेलाई सिरक प्यारो लाग्छ । उठ्यो की जाडोले सताई हाल्ने । तर, वाग्मती सफाइ महाअभियान अभियानका अभियन्ताहरुलाई यो मिन पचासको ठिहिऱ्याउने जाडोको कुनै प्रवाह छैन् । चिसो सिरेठोसंगै परिरहेको सिमसिमे पानीको पनि चिन्ता छैन् । सरसफाइको भुत चढेको छ । शनिबार बिहानको दृष्य हो, यो । काठमाडौंका सफाइ अभियनता सिमसिमे झरीमा भिज्दै उपत्यकाका नदी र चक्रपथ सफाइ गरिरहेका थिए ।

यो शनिबार अभियानले त्रिपुरेश्वर पुलमुनिको नदी किनारमा सफाइ गऱ्यो । सफाइमा १६ संस्थाका ३ सय भन्दा बढी अभियनता सक्रियता थिए । यस हप्ता सफाइबाट चार मेट्रिक टन फोहर व्यवस्थापन गरिएको बाग्मती सभ्यता एकीकृत विकास समितिका सञ्चालक सदस्य माला खरेलले बताए ।

काठमाडौंमा यस्ता थुप्रै अभियानहरु छन् । जुन सयभन्दामाथि पुगिसकेका छन् । जस्तै, गुह्येश्वरीमाथिको बाग्मती सफाइको ३०९औं हप्तामा गोकर्णेश्वर महादेव मन्दिरमुनिका नदी किनारमा सफाइ गरिएको छ । रुद्रमती सफाइको २९८औं हप्तामा रातोपुलबाट रुद्रनगर हुँदै सेतोपुलसम्मको नदी किनारमा सफाइ गरियो । चक्रपथ उत्तर खण्ड सफाइको १४५औं हप्तामा गोंगबुस्थित आकाशे पुलमुनिको क्षेत्रमा सफाइ गरी पाँच टन फोहर व्यवस्थापन गरिएको छ ।

मनोहरा सफाइ तथा सम्पदा बचाउ अभियानको १४६औं हप्तामा महानगरपालिका-३२ स्थित मनोहरा नदीको नीलो पुल क्षेत्रमा सफाइ गरी चार टन फोहर व्यवस्थापन गरिएको संयोजक चन्द्रप्रसाद दङ्गालले बताए । यसैगरी शनिबार उपत्यकाका बाग्मतीको तिलगंगा र सुन्दरीघाट खण्ड, आलोकनगर, चक्रपथको पश्चिम खण्डलगायत स्थानमा पनि सफाइ गरिएको थियो । विसं २०७० जेठ ५ गते बाग्मती सफाइ अभियानको शुरु भएपछि हाल देशभरका १०६ भन्दा बढी स्थानमा अभियान सञ्चालित छ ।

## तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।

**HILTON ACADEMY PVT. LTD.**
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

## होटल तालिम !

मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।

Get your skill for your future carrier



✔ **HK**
Cleaners/House Keeping/ Laundry man, Room boy

✔ **KITCHEN**
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook

✔ **F&B**
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.

✔ **FRONT DESK, RECEPTION**

**रोजगारी पनि भविष्य पनि**
- स्वदेशमै होस कि विदेशमा
- स्वरोजगार वा वैदेशिक रोजगार
- तपाई सीप सिक्नुहोस्
- अवसर र उपाय हामी खोजी दिन्छौं ।

**NICHOLAS HOSPITALITY SERVICES (P).LTD**
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

## कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.

**Cosmo Nepal Travel And Tours (P.) Ltd.**



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# किसानको कहर

देशभर हिमपात र शितलहर चलिरहँदा सर्लाहीका किसानहरू राजधानीकै सडकमा एकसरो आङ छोपेर सुते । उनीहरूलाई झण्डै शून्य डिग्री सेन्टिग्रेड तापक्रम झरिसकेको काठमाडौंको चिसोको कुनै पर्वाह नगरी सुत्ने रहर थिएन । तर, उनीहरूसँग पनि परिवार थियो, छोराछोरीको पढाइको पीर थियो । वर्षभरी बाँच्नुका लागि उत्पादन गरिएको उखु लगेर त्यसैको पैसा उखु किसानले वर्षौं नदिए पछि उनीहरू काठमाडौं उक्लिए । ब्यानर टाँगेर बाँकी बक्यौता नपाएसम्म सडक नछोड्ने अडान लिए ।

धेरै पटक सरकारले आग्रह गर्दा उखु किसानहरू आफ्नो मागबाट टसमस भएनन् । ती उखु किसानका पक्षमा सामाजिक सञ्जालदेखि सडकसम्मै समर्थक थपिदै गए । सरकारको उधाँरो आश्वासनसँग चित्त बुझाएका उखु किसानहरूले हाताहाती सम्बोधनको माग गरे । सरकार चलाइरहेकै दलका नेता–कार्यकर्ताको समेत चर्को दबाव पछि सरकार झुक्न बाध्य भएको छ । शुक्रबार साँझ अवेर पाँच बुँदे सहमति भएपछि उखु किसानहरूले आन्दोलन फिर्ता लिएका छन् ।

उखु किसानको माग त बाँकी बक्यौता प्रमुख थियो । तर, सहमतिमा किसानहरूसँग जोडिएका थुप्रै विषयमा सहमति भएको छ । जस्तो– अनुदानको समयमै उपलब्ध गराउने विषय, मल तथा बिऊको उपलब्धता र उखु किसानले तत्कालै पैसा पाउने व्यवस्था मिलाउने प्रणालीको विकास गर्न अध्ययन कार्यदल नै गठन भएको छ । प्रमुख माग भने आगामी माघ ७ गतेसम्मको भाका राखिएको छ । सहमतिअनुसार, माघ ७ गतेसम्म उखु मिलहरूले किसानको बाँकी बक्यौता उपलब्ध गराउन सरकारले समन्वय गर्नेछ । अनुदानको रकम बेलैमा उपलब्ध भए नभएको किसानहरूले सरकारलाई जानकारी गराउनुपर्नेछ ।

पाँच बुँदे मागको विश्लेषण गर्ने हो भने फेरि पनि उखु किसानहरूलाई कतै फेरि पनि मिठो आश्वाशन बाँडिएको मात्रै त होइन ? पक्कै सन्देह गर्ने थुप्रै ठाउँ भेटिन्छ । जस्तो पहिलो माग फेरि पनि उधाँरो सम्बोधन भएको छ । दोस्रो, तत्कालका माग भन्दा दीर्घकालीन सपना ज्यादा देखाइएको छ । तेस्रो र महत्वपूर्ण प्रमाण भने उद्योगमन्त्री लेखराज भट्टकै अभिव्यक्तिलाई लिन सकिन्छ । किनभने, मन्त्री भट्ट अहिले पनि किसान भन्दा उद्योगीको पक्षमा बलियोगरी उभिएका छन् । उखु किसानको बक्यौताबारे छलफल चलिरहँदा नै मन्त्री भट्टले उद्योगीलाई कार्बाही गरिए नराम्रो सन्देश जाने अभिव्यक्ति दिएका थिए ।

जबकी, अघिल्लो साल तत्कालीन उद्योगमन्त्री मातृका यादवले उखु किसानको माग पूरा नगरे उद्योगमै ताला लगाइने दिने चेतावनी दिएका थिए । तर पनि उखु किसानले बाँकी बक्यौता पाउन सकेका थिएनन् । यसपटक त मन्त्रीकै अभिव्यक्ति सुन्दा पनि धेरै आश्वास्त हुने ठाउँ देखिन्न । यदि, फेरि यस पटक पनि उखु किसानले न्याय पाएनन् भने त्यसबाट उत्पन्न निराशाले समृद्धिको सपना मात्रै नभएर वर्तमान सरकारको पनि नराम्रो समीक्षा हुनेछ । पीडा त फेरि पनि तिनै किसानलाई हुनेछ ।

## सामाजिक सञ्जाल



अहिलेका राष्ट्रियसभा सदस्यलाई नदोहोर्याउने नेकपाभित्रको बहसले अर्थमन्त्रीको कार्यकाल आगामी बजेट(आसपास) सम्ममात्रै रहने संकेत देखायो ।

**- अशोक दाहाल**



रेप गरे ७ बर्ष, एसिड फ्याँके ३ बर्ष, अङ्गभङ्ग गरे २ बर्ष अनि सामाजिक संजालमा लेखे चाँही ५ वर्ष ? कसुरको गम्भीरता भन्ने चीज पनि त हुन्छ होला नि । अनि फेसबुकमा लेख्ने चै जेल जानुपर्ने भए बाहिर चै बलात्कारी, भ्रष्टाचारी, ठग र अपराधीहरू मात्रै बस्ने ? ती त कहिल्यै पक्राउ पर्दैनन् त खोइ ?

**– सञ्जय न्यौपाने**



वास्तवमा डिजिटल नेपाल हो की डिलिट नेपाल छुट्याउन गाह्रो भइराखेको अवस्था छ । कम्पनी रजिस्टार कार्यलयमा सात दिन र सूचना विभागमा अब कति दिन हो भ्रमण गर्न पर्ने हो, त्यो त समयले बताउला । तर नाफाखोर, आलशी र आचरण नभएका कर्मचारी भएको देशमा युवा नबसेकै बेस ।

**– लक्ष्मण डंगोल**



ऋण लागेको पुरूष र सुत्केरी भाको महिलालाई थाहा हुन्छ, जिन्दगीको वास्तविक पीडा कस्तो हुन्छ भनेर ।

**– सावित्रा अधिकारी**



बिहानैदेखि सुत्ने बेलासम्म अनेक प्रकारका दलालसँग मात्रै भेट हुन्छ भन्नुहुन्थ्यो उहाँ । अहिले प्रमाणित नै गर्नुभो ।

**– माधव तिवारी**

# साना जलविद्युत् आयोजनालाई सहयोगको आवश्यकता



■ गुरुप्रसाद न्यौपाने

> “ जलविद्युत् आयोजनाहरू निर्माणका लागि ठूलो लगानीको आवश्यकता पर्छ । १ मेगावाटको जलविद्युत् आयोजना निजी लगानीबाट निर्माण गर्दा औसतमा रू. २० करोडको लगानी लाग्ने अनुमान गरिन्छ ।

नेपालमा निजी क्षेत्रको लगानीबाट निर्माण गरिएका अधिकांश जलविद्युत् आयोजनाहरूबाट उत्पादन गरिएको विद्युत् राष्ट्रिय ग्रिडमा प्रवाह गर्नको लागि डेडिकेटेड ट्रान्समिसन लाइनको अभाव छ । अधिकांश जलविद्युत् आयोजनाहरू ३३ के.भी. ट्रान्समिसन लाइन वा ११ के.भी. ट्रान्समिसन लाइनमार्फत ग्रिडमा जोडिएका छन् । यी ग्रिडहरूमा दिनमा सयौं पटक फल्ट भइरहन्छ । किनभने ३३ के.भी. र ११ के.भी. ट्रान्समिसन लाइनमा ट्रान्सफर्मर राखेर यत्रतत्र विद्युत् वितरण भइरहेको छ ।

यस्तो अवस्थामा कुनै पनि सानोभन्दा सानो फल्ट आएमा विद्युत् गृह पनि बन्द हुन्छन् र तोकेको विद्युत् उत्पादन गर्न सकिँदैन । विद्युत् उत्पादन गर्ने विद्युत् गृहको विद्युत् ११ के.भी. ट्रान्समिसन लाइनमा जोड्नु हुँदैन भने ३३ के.भी. ट्रान्समिसन लाइनमा ट्रान्सफर्मरहरू राखी सोझै विद्युत् वितरण गर्न दिनु हुँदैन भन्ने नियम छ । यो नियमको कडाइका साथ पालना गरेर सोको अनुगमन गरेमा विद्युत् गृहहरूमा हुने आउटेज कम हुनेछ । सबै ठाउँमा ३३ के.भी. लाइनलाई ट्रान्समिसन लाइनका रूपमा मात्र उपयोग गर्नु तथा गराउनुपर्दछ । ११ के.भी. ग्रिडमा जोड्नु हुँदैन र ३३ के.भी.ट्रान्समिसन लाइनको क्षमता तोकी सोभन्दा बढी क्षमताको विद्युत् जडान गर्न स्वीकृति दिनु हुँदैन । ३३ के.भी. क्षमताको सिंगल सर्किटको १ सय किलोमिटर लामो लाइन भएमा कति मेगावाटसम्म विद्युत् प्रवाह गर्नु उपयुक्त हुन्छ ? प्राधिकरणले तोकिदिएको नर्म्सको पालना भएको छैन ।

हालको बेथितिको परिणति साना जलविद्युत् आयोजना निर्माताहरू भोगि रहनुभएको छ । यो समस्या समाधान गर्नका लागि जलविद्युत् केन्द्रले उत्पादन गर्ने विद्युत् मापन गर्ने इनर्जिमिटर पावरहाउसमा जडान गर्ने र तत्पश्चात्को ग्रिडमा भएको नोक्सानीको मासिक रूपमा भुक्तानी दिने व्यवस्था गरेमा यो समस्याको समाधान हुनेछ ।

प्रत्येक वर्ष ३३ के.भी. ट्रान्समिसन लाइनमा १ सय ४४ घण्टासम्म विद्युत् अवरोध हुनसक्ने लाइन ट्रिप र सोको भुक्तानी दिनु नपर्ने सम्झौतामा व्यवस्था छ । यो व्यवस्थाअनुसार कुन महिना कुन ट्रान्समिसन लाइनमा के-कति घण्टा ट्रिप भयो र सो ट्रिप कसका कारणले भयो ? यस्तो ट्रिप भएबापत कुन विद्युत् उत्पादकले कुन महिना कति क्षतिपूर्ति पाए भन्ने बारेमा नत तथ्यांक रेकर्ड छ, न त भुक्तानी नै लिनेदिने चलन छ । यो दुवै पक्षको हेलचेक्र्याइँले भएको हो । यसमा तत्कालमा सुधार गर्नु आवश्यक छ । ३३ के.भी. लाइनमा जोडेर उद्योगलाई ४ सय के.भी.मा विद्युत् वितरण भइरहेका ट्रान्समिसन लाइन हटाई उद्योगलाई ११ के.भी. लाइनबाट मात्र विद्युत् उपलब्ध गराउनुपर्छ ।

नेपाल विद्युत् प्राधिकरणले अहिले निजी जलविद्युत् आयोजनाहरूलाई वर्षको ६ महिना सुक्खा महिना मानी सुक्खा महिनाहरूका लागि विद्युत् बिक्रीदर ८.४० र सोमा ८ वर्षसम्म ३ प्रतिशतका दरले मूल्य वृद्धिदर दिइआएको छ । यो सुविधा नयाँ र पुराना सबै जलविद्युत् आयोजनाहरूले एकसमान रूपमा पाउने व्यवस्था लागू गरिदिन अनुरोध छ । आखिर सबै जलविद्युत् आयोजनाहरूले उत्पादन गर्ने विद्युत् एकै हो । यो देशभरिका ग्राहकहरूलाई एउटै मूल्यमा बिक्री भइरहेको छ । नेपाल विद्युत् प्राधिकरणले पटक-पटक विद्युत्को मूल्य बढाइरहेको छ, तर उत्पादकहरूले भने यो बढेको मूल्यको अनुपातमा विद्युत् खरिद दरमा वृद्धि पाउन सकेका छैनन् ।

जलविद्युत् आयोजनाहरू निर्माणका लागि ठूलो लगानीको आवश्यकता पर्छ । १ मेगावाटको जलविद्युत् आयोजना निजी लगानीबाट निर्माण गर्दा औसतमा रु. २० करोडको लगानी लाग्ने अनुमान गरिन्छ । यसको ७० प्रतिशत बैंकबाट ऋण तथा ३० प्रतिशत सेयरधनीहरूको लगानी हुने चलन छ । बैंकबाट प्राप्त कर्जाको औसत ब्याजदर ८ देखि १० प्रतिशतको हाराहारीमा रहेको थियो । अहिले बैंक कर्जाको ब्याजदर १२ देखि १४ प्रतिशत पुगेको छ । परिणामस्वरूप आयोजनाले तिर्नुपर्ने कर्जाको ब्याजको भार बढेको छ, तर विद्युत् बिक्रीबाट प्राप्त हुने आय निश्चित हुने हुँदा परियोजनाको मुनाफामा प्रतिकूल असर परिरहेको छ । यसको परिणामस्वरूप कैयौं आयोजनाले आफ्ना लगानीकर्तालाई लाभांश दिन सकेका छैनन् ।

सञ्चालनमा रहेका जलविद्युत् आयोजनाहरूले नेपाल राष्ट्र बैंकबाट सरल तरिकाले पुनर्कर्जा पाउन सक्ने व्यवस्था छ । यो व्यवस्था सहवित्तीयकरणअन्तर्गत कर्जा लिई सञ्चालन गरिएका आयोजनाहरूमध्ये कुनै बैंकले पुनर्कर्जाका लागि आवेदन गर्ने र कसैले नगर्ने गरेका छन् । यो पुनर्कर्जा सुविधा जलविद्युत् आयोजनाहरूले प्राप्त गर्न सकेमा ब्याजदरमा सहुलियत प्राप्त हुनेछ । यसको कार्यान्वयन पक्षमा रहेको कमजोरी हटाउन सकेमा जलविद्युत् आयोजनाहरूले राहत पाउनेछन् । नेपाल सरकारको स्वामित्वमा स्थापना भएको जलविद्युत् लगानी तथा विकास कम्पनीले निजी लगानीबाट बनिसकेका जलविद्युत् आयोजनाहरूलाई पुनर्कर्जा उपलब्ध गराइदिएमा आयोजनाहरूले सरल ब्याजदरमा कर्जा प्राप्त गर्न सक्छन् । जलविद्युत् आयोजनामा लगानी गर्ने उद्देश्यले स्थापना भएको संस्थाले अधिकांश साधन बैंकमा खाता खोली निक्षेप राख्ने गरेको छ । यसमा सुधारको आवश्यकता छ । जलविद्युत् विकास तथा लगानी कम्पनीको ऐन नियममा संशोधनको आवश्यकता छ । जलविद्युत्मा लगानी भएको कर्जाको भुक्तानी अवधि लामो बनाइदिन समेत अनुरोध छ ।

नागरिक लगानी कोष एवं बिमा कम्पनीहरूले जलविद्युत् आयोजनाहरूलाई पुनर्कर्जा उपलब्ध गराइदिने व्यवस्था हुन आवश्यक छ ।


साना जलविद्युत् आयोजनाहरूले सामना गरिरहेको अर्को समस्या भनेको जलवायु परिवर्तनका कारणले वर्षा हुनेमा अनिमियतता भई खोलामा पानीको बहाव कम बढी भई लक्ष्यअनुसार विद्युत् उत्पादन हुन नसकेको पेनाल्टी बुझाउनु परिरहेको छ । यस समस्याको समाधानका लागि हालको विद्युत् खरिद बिक्री सम्झौतामा संशोधन गरी मिटरमा चढेको विद्युत्को रकम भुक्तानी दिने व्यवस्था गरिदिन हुन अनुरोध छ । नेपाल सरकारले बनाएको नियम अनुसार २५ मेगावाट क्षमता सम्मका आयोजनाहरूलाई साना जलविद्युत् आयोजनाको परिभाषामा समेटिएको हुँदा यो सुविधा २५ मेगावाटसम्मका आयोजनाले निर्बाध रूपमा प्राप्त गर्ने व्यवस्था हुन आवश्यक छ ।

हालको व्यवस्थानुसार जलविद्युत् आयोजनाहरूले हिउँदका ६ महिनामा ३० प्रतिशत न्यूनतम उर्जा उत्पादन गरेमा त्यस्तो ऊर्जालाई सुक्खा महिनाको ऊर्जामा गणना गर्ने व्यवस्था रहेको हुँदा यो सुविधा सबै जलविद्युत् आयोजनाले पाउने व्यवस्था गर्न अहिलेको विद्यमान भेदभावपूर्ण व्यवस्था खारेज गर्न अनुरोध छ ।

जलविद्युत् आयोजनलाई सरकारले दिन्छु भनी आर्थिक वर्ष ०७०/७१ को बजेटमा उल्लेख गरेको प्रतिमेगावाट रु. ५० लाखको सहुलियत हालसम्म पनि प्रदान हुन सकेको छैन । सो उपलब्ध गराइदिनुपर्ने छ । नयाँ निर्माण हुने जलविद्युत् आयोजनाहरूलाई मूल्य अभिवृद्धि कर छुट हुने व्यवस्था गरिदिनुहुन अनुरोध छ ।

विद्युत् उत्पादकहरूले नेपाल विद्युत् प्राधिकरणबाहेक अन्य ग्राहक पाएमा निजहरूलाई विद्युत बिक्री गर्न पाउने व्यवस्था गरिदिनुहुन समेत अनुरोध छ । जलविद्युत् कम्पनीहरूले पनि विद्युत्को आयात-निर्यात र खुद्रा व्यापार गर्न पाउने व्यवस्था हुन आवश्यक छ ।

# हस्तकला उद्योगको प्रवर्द्धनको मुद्दा



के.बी. बस्नेत

प्रत्येक जिल्लामा विभिन्न जातजातिका व्यक्तिहरू बसोबास गर्ने हुनाले उनीहरूका आ-आफ्ना संस्कृतिअनुसार विभिन्न किसिमका हस्तकलाका सामान बनाउने गरेको पाइन्छ । हाल नेपालबाट ४२ प्रकारका हस्तकलाका सामग्री विश्वका ६० भन्दा बढी देशमा निर्यात गरिन्छ, जसमध्ये पस्मिना, फेल्ट, धातुका सामान, काठका सामान, प्राकृतिक रेशाजन्य सामग्री र मिथिला पेन्टिङ उल्लेखनीय छन् ।

संयुक्त राज्य अमेरिका, जर्मनी, चीन, भारत, जापान, बेलायत, फ्रान्स, डेनमार्क र क्यानडा नेपाली हस्तकलाका निर्यात हुने प्रमुख देशहरू हुन् । वर्तमान समयमा छिमेकी देश भारत र चीनमा यहाँका हस्तकलाका सामानहरूको माग बढेको छ ।

आजकाल देशभित्र पनि सजावटका लागि हस्तकलाका सामानहरू प्रयोग गर्ने प्रवृत्ति बढेको छ । यतिमात्र होइन, प्रत्येक वर्ष नेपाल आउने पर्यटकहरूमध्ये धेरैले यहाँको चिनोका रूपमा वस्तुकलाका सामानहरू खरिद गर्छन् ।

नेपाल आउने कतिपय विदेशी राष्ट्रप्रमुख तथा प्रसिद्ध व्यक्तिहरूलाई हस्तकलाका सामान उपहारस्वरूप प्रदान गर्ने चलन छ । यहाँको हस्तकलालाई प्रश्रय दिने उद्देश्यले सरकारले सार्वजनिक खरिदमा १५ प्रतिशतसम्म महँगो भए पनि स्वदेशी वस्तु प्रयोग गर्न जोड दिएको छ । तर, यो व्यवहारमा भने लागू हुन सकेको छैन ।

यहाँ प्रत्येक धातु तथा कपडाबाट उत्पादित हस्तकलाका सामानहरूको माग झन्डै उस्तै छ । कपडाबाट बनेका सामानहरूमा खास गरेर पस्मिना, सुती, फलाटिन, रेसम, अल्लो र ढाकाबाट उत्पादित सामानहरूको बढी माग छ । ऊनबाट बनेका सामग्रीको पनि निकै माग छ । यसै गरी सिल्भर, काठ, विभिन्न किसिमका पत्थर, छाला, बेतबाँस, थान्कालगायत सरदर १६ प्रकारका हस्तकलाका सामान विदेश निर्यात हुँदै आएको छ ।

एक आधिकारिक तथ्याङ्कअनुसार हस्तकला उद्योगमा संलग्न प्रत्यक्ष र अप्रत्यक्ष गरी २१ लाखजति व्यक्तिले रोजगारी पाएका छन् । परन्तु यहाँ कामको सम्मान गर्ने प्रवृत्ति नभएकाले उक्त उद्योगमा हीनताबोध हुन थालेको छ । त्यसैले परम्परागत रूपमा काम गर्ने मजदुरहरूको संख्या कम हुँदै गएको छ । यस व्यवसायमा युवाहरूको आकर्षण बढ्न नसकेकाले श्रमको अभाव छ ।

पछिल्लो समय हस्तकलाका सामानहरू छिमेकी राष्ट्रहरू, युरोप र अमेरिकामा बढे पनि कामदारहरूको कमीले गर्दा माग पूर्ति गर्न सकिएको छैन । श्रमको कमीले गर्दा केही समययता भारत र बङ्गलादेशका कालिगढहरूले पनि सुनचाँदीका गहना एवम् विभिन्न हस्तकलाका सामानहरू बनाउँदै आएका छन् ।

नेपालमा उत्पादित हस्तकलाका सामानहरूमध्ये माटाका भाँडाहरूको पनि कम महत्व छैन । यहाँ उत्पादित माटाका भाँडाहरूमध्ये खास गरेर गमला, घ्याम्पो, घैंटो, हाँडी, खुत्रुके आदि छन्, जसमध्ये खुत्रुकेको विदेशमा निकै माग छ । वदेशबाट यहाँ केही माटाका भाँडा आयात गरिए पनि यहाँबाट प्रत्येक वर्ष झन्डै ३ करोड मूल्य बराबरको माटाका भाँडा निर्यात गरिन्छन् ।

वस्तुतः यहाँ माटाका सामानहरू प्राचीन कालदेखि नै बनाउन थालिए पनि हाल माटो र विभिन्न किसिमका रङको बढ्दो मूल्यका कारण उक्त सामानहरू बनाउने काममा बाधा पुगेको छ । वर्तमान समयमा यहाँ धातु तथा प्लास्टिकका सामानको बढ्दो प्रयोगले गर्दा नयाँ पुस्ताका व्यक्तिहरू यस व्यवसायमा आकृष्ट भएका छैनन् । यतिमात्र होइन, कालिगढहरूलाई तालिम दिने संस्थाहरूको अभावमा यहाँबाट उत्पादित माटाका भाँडाहरूको गुणस्तर अभिवृद्धि गर्न सकिएको छैन ।

हस्तकलाको प्रवर्द्धनका लागि समसामयिक तालिमको आवश्यकता छ । तर, यहाँ उक्त कलासम्बन्धी तालिम दिने संस्थाहरू छैनन् । त्यसैले यस सम्बन्धमा सम्बन्धित पक्षको ध्यान जानु आवश्यक छ । भारत र बङ्गलादेशमा हस्तकलाका सामानहरू बनाई निर्यात गर्ने संघसंस्थाहरूलाई प्रोत्साहन दिने विशेष व्यवस्था भएकाले ती देशहरूमा उक्त व्यवसायमा संलग्न व्यक्तिहरू उत्साहित छन् । किन्तु यहाँ हालसम्म पनि उक्त व्यवस्था गर्न नसकिएकाले सम्बन्धित व्यक्ति तथा संस्थाहरूको ध्यानाकृष्ट हुन जरुरी छ ।

हस्तकलामा युवाहरूको खासै चासो देखिँदैन । त्यसैले विद्यालयहरूको पाठ्यक्रममा हस्तकलासम्बन्धी कुरा समावेश गर्न सके भविष्यमा यहाँका युवाहरू उक्त कलामा संलग्न हुन आकर्षित हुनेछन् । आगामी दिनहरूमा हस्तकलाका सामानहरूको माग अभिवृद्धि गर्न यिनीहरूको डिजाइनमा पनि केही परिवर्तन गर्नु जरुरी छ । यसका लागि अन्तर्राष्ट्रिय स्तरका डिजाइनरहरू झिकाई यहाँका कालिगढहरूलाई समसामयिक तालिम दिन आवश्यक छ ।

यहाँको हस्तकलाको विकासका लागि मजदुरहरूको संख्या बढाउन नितान्त आवश्यक छ । यसका लागि इच्छुक व्यक्तिहरूलाई तालिम दिने व्यवस्था हुनुपर्छ । यसका साथै सम्बन्धित व्यक्ति तथा संस्थाहरूबाट बेलाबेलामा हस्तकलासम्बन्धी प्रदर्शनीहरू आयोजना गर्ने, हस्तकलासम्बन्धी प्रतियोगिताहरू आयोजना गर्ने र ऋण सहज तथा सुलभ तरिकाले उपलब्ध गराउन जरुरी छ ।

एक आधिकारिक तथ्याङ्कअनुसार नेपालमा वार्षिक ३ सय ५० मेट्रिक टनभन्दा बढी अल्लोको बोक्राबाट धागो तथा अल्लोजन्य हस्तकलाका सामानहरू उत्पादन गरिन्छ । यी सामानहरूमध्ये ८० प्रतिशतभन्दा बढी निर्यात गरिन्छ । यसरी निर्यात गरिने देशहरूमा खास गरेर संयुक्त राज्य अमेरिका, क्यानडा, इटाली, स्वीजरल्यान्ड, नेदरल्यान्ड, नर्वे, डेनमार्क, फिनल्यान्ड र दक्षिण कोरिया प्रमुख छन् ।

नेपाल एक कृषिप्रधान देश भए पनि बढ्दो भूमि खण्डीकरण सिँचाइको अपर्याप्तता, खेतीको समयमा बीउबिजन तथा मलको अपर्याप्तता, पुरानो खेतीपाती गर्ने तरिका आदि कारणहरूले गर्दा कृषिक्षेत्रबाट प्राप्त हुने प्रतिफलबाट मात्र यहाँको आर्थिक समृद्धिको लक्ष्यमा पुग्ने सम्भावना देखिँदैन । त्यसैले वैकल्पिक व्यवस्थापनका लागि औद्योगिक विकास गर्न आवश्यक छ, जसका लागि हस्तकला उद्योगले महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ ।

हस्तकला उद्योगको प्रवर्द्धनका लागि अल्लोबाट तयार गरिने कपडा, झोला, जुत्ता आदि सामानको उत्पादन वृद्धि गर्न आवश्यक छ । आजकल यस्ता सामानहरूको माग दिन-प्रतिदिन बढे पनि अझसम्म पनि धेरैलाई यससम्बन्धी ज्ञान छैन । त्यसैले बेलाबेलामा देशका विभिन्न स्थानमा हस्तकलासम्बन्धी भेलाहरू आयोजना गरी अल्लोका सामानहरू प्रदर्शन गरेमा भविष्यमा यसको व्यापार बढ्ने छ र हस्तकला उद्योगको विकासमा केही टेवा पुग्नेछ । फलतः यहाँको अर्थतन्त्रमा समेत सकारात्मक असर पर्नेछ ।

हस्तकलाको माग निकै बढेकाले लोक्ता उत्पादन गर्न इच्छुक व्यक्तिहरूलाई सरकारले लोक्ता उत्पादन परियोजनाअन्तर्गत लिजमा जग्गा उपलब्ध गराई प्रोत्साहन गर्न आवश्यक छ । योबाहेक हस्तकलासम्बन्धी उद्योगहरूलाई प्रवर्द्धन गर्न हस्तकलाका सामानहरूलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन निकासी गर्दा लाग्ने ढुवानी भाडामा सहुलियत प्रदान गर्न जरुरी छ ।

विगतमा निकासीयोग्य भनी तोकिएका हस्तकलाका सामानहरूको गुणस्तर प्रवर्द्धन गर्न इच्छुक व्यवसायीहरूलाई प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्न वाञ्छनीय देखिन्छ । उक्त समानहरूको सूची तयार गरी वेबसाइटमा राखेमा निर्यात प्रवर्द्धनमा केही योगदान पुग्न सक्छ ।

बढ्दो व्यापारघाटाले यहाँ अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको छ । हस्तकलासम्बन्धी उद्योगहरूको प्रवर्द्धन गर्न सके उक्त घाटा न्यून गर्न केही योगदान पुग्न सक्छ । तसर्थ आगामी दिनहरूमा एकातर्फ यहाँका हस्तकलाका सामानहरूको गणस्तर बढाउन आवश्यक छ भने अर्कातर्फ उक्त उद्योगहरूको संरक्षण गर्न पनि जरुरी छ ।

यहाँ वि.स. २०८५ सालसम्म गरिबीको रेखामुनिको ५ प्रतिशत र वि.स. २१०० मा शून्यमा झार्ने लक्ष्य छ । जसका परिपूर्तिका लागि हस्तकला उद्योगहरूको विकासले केही योगदान पुग्न सक्छ । अर्थतन्त्रका महत्वपूर्ण परिसूचक विवरण र तथ्याङ्कहरू समावेश गरिएको आर्थिक सर्वेक्षण ०७५/०७६ अनुसार आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी सन् २०३० सम्ममा मध्यम आय भएको देशमा रूपान्तर हुँदै समुन्नत तथा समृद्ध समाजवादउन्मुख अर्थतन्त्रको आधारशिला निर्माण गर्ने लक्ष्य छ, जसका लागि हस्तकला उद्योगहरूको भूमिका महत्वपूर्ण हुन सक्छ ।

**लेखक तथा पाठकवर्गमा अनुरोध**

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने् छैनौं ।

**मध्यान्ह राष्ट्रिय दैनिक**
इमेलः article .madhyanhadaily@gmail .com

# अमेरिका-इरान तनाव चुलिँदै



**मोहिनी मिश्र रिसाल**
बग्दाद, १९ पुस

इराकको राजधानी बग्दादको अन्तर्राष्ट्रिय विमानस्थलनजिकै शुक्रबार एकजना इरानी सैन्य कमाण्डर मारिएपछि यस विषयले खाडी क्षेत्रमा नै हलचल ल्याइदिएको छ। अमेरिकी सेनाको कारबाहीमा उनी मारिएपछि अमेरिका र इरानबीचको पछिल्लो तनाव झनै चर्किने देखिएको छ।

शुक्रबार अमेरिकी सेनाको विशेष प्रकृतिको कारबाहीका क्रममा इरानी फौजको विशेष दस्ता क्विडका प्रमुख कमाण्डर कासिम सुलेमानी मारिएका थिए। यतिमात्र नभएर यसमा इराक पनि थपिएको छ र यसले अमेरिका र खाडी देशका बीचको तनाव थप बढेको विभिन्न अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले इराकको राजधानी बग्दादबाट जनाएका छन्। अमेरिकी सेनाले शुक्रबार तिनै कमाण्डरलाई लक्षित गरेर हवाई आक्रमण गरेको थियो। त्यस आक्रमणको घटनामा परी सुलेमानीसहित छ जना व्यक्तिको पनि मृत्यु भएको थियो।

मारिएका अरु व्यक्ति पनि सुरक्षाकर्मी नै रहेको अनुमान गरिएको छ तर पनि ती व्यक्तिबारे कुनै प्रष्ट जानकारी भने दिइएको छैन। उक्त घटनामा एकजना इराकी विद्रोही नेता पनि मारिएका भनी विभिन्न समाचारमा आएको छ तर यस विषयमा भने केही बताइएको छैन। मारिएका ती सुलेमानीलाई अमेरिकाले विगतदेखि नै आतंककारी समूहको नाइके भएको बताउँदै आएको थियो। यो आक्रमण अमेरिकाको तयारीमा नै भएको बताइएको छ। जुन कुरा अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले नै पुष्टि गरेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नै उनको हत्याको निर्देशन दिएका बताइएको छ। आक्रमणका लागि उहाँको निर्देशन रहेको अमेरिकाले नै बताएको छ। अन्तर्राष्ट्रिय सम्बन्धमा सैनिक बलको प्रयोगलाई निरन्तर विरोध गर्दै आएको चीनको विदेशमन्त्रालयका प्रवक्ता कङ सुवाङले सञ्चारकर्मीसँगको कुराकानीमा बताए।

**अमेरिकासाग बदला लिने चेतावनी**

इरानका सर्वोच्च नेताले अमेरिकी आक्रमणमा आफ्नो सेनाको जनरल मारिएपछि यसको कडा बदला लिने चेतावनी दिएका छन्। इरानी सर्वोच्च नेता आयोतुल्लाह अलि खामेनीले यस्तो प्रतिक्रिया दिएका हुन्। शुक्रवार इराकको बग्दादमा इरानी फौजको विशेष दस्ता क्विडका प्रमुख जनरल कासिम सुलेमानी मारिएपछि उनले अमेरिकाका विरुद्धमा कडा रुपमा बदला लिने बताएका हुन्।

उता इरानले उनी मारिएकोमा देशभरी नै तीन दिनसम्मका लागि राष्ट्रिय शोकको पनि घोषणा गरेको छ। त्यस्तै इरानी रक्षामन्त्री जावेद जारिफले शुक्रबार अमेरिकी सेनाले गराएको यो घटनालाई अन्तर्राष्ट्रिय आतंककवाद भनी आरोप लगाएको बताइएको छ। अमेरिकी रक्षा मन्त्रालय, पेन्टागनले भने ती कमाण्डर सुलेमानीलाई अमेरिकी राष्ट्रपतिको आदेशमा गरिएको सुरक्षा कारबाही भनेर पुष्टि पनि गरेको छ।

**संयमता अपनाउन आग्रह**

उता शुक्रबार भएको यस सैन्य कारबाहीपछि उत्तेजकरुपमा व्यवहार नगर्न र संयमता अपनाउन विभिन्न देशले आग्रह गरिरहेका छन्। यस कारबाहीको चीन, रुस र सिरियाले यस हवाई आक्रमणको आलोचना गरेका छन् तर यूरोपेली संकघले भने थप हिंसा भड्किन नदिन सबै पक्षलाई संवेदनशिल भएर संयमता अपनाउन आग्रह गरेको छ।

शुक्रबार अमेरिकाले इरानी विशेष सुरक्षा फौज कुद्सका प्रमुख जनरल कासिम सुलेमानीको मृत्यु हुनेगरी शुक्रबार इराकमा गरेको आक्रमणलाई रूसले 'गैरजिम्मेवार पूर्ण कदम' भनेको छ। यसले मध्यपूर्वमा तनाव बढाएको रुसले जनाएको छ। रुसले इरानी ती कमाण्डरको मृत्युलाई लिएर इरानी जनताप्रति सहानुभूति पनि व्यक्त गरेको छ।

बग्दादमा अमेरिकी आक्रमणबाट भएको सुलेमानीको मृत्युले मध्यपूर्वमा अहिले पनि जारी रहेको तनावलाई थप बढाउने रुसले आशंकका गरेको छ। उता यूरोपेली परिषद्का प्रमुख चार्ल्स मिसेलले इराकमा अमेरिकाले इरानी जनरलको मृत्यु हुने गरी गरेको आक्रमणपछि थप द्वन्द्व चर्किने भन्दै शान्त रहन आग्रह गरेका छन्।

उनले इराकमा विगत केही हप्तादेखि भएका हिंसात्मक तथा उत्तेजनात्मक गतिविधिहरुलाई रोक्न र अबका दिनमा कुनै द्वन्द्वका घटना हुन नदिन आग्रह गरेका छन्। त्यस्तै फ्रान्सका राष्ट्रपति एम्यानुएल म्याक्रौँले सुलेमानीको मृत्युपछि हुनसक्ने सम्भावित हिंसा र राजनीतिक तनावलाई रोक्न सबैले पहल गर्नुपर्ने बताएका छन्।

यसैबीच कमाण्डर मारिएपछि हिंसा थप भड्किन नदिन फ्रान्सका राष्ट्रपति एम्मानुएल म्यार्कों र उनका रुसी समकक्षी भ्लादिमिर पुटिनले शुक्रबार फोनवार्ता भएको छ। इरानका सवै पक्ष विपक्षलगायत राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा नै संयमता अप्नाउन उनीहरुले आह्वान गरेका छन्। खतरनाक घटना हुन नदिनका लागि छिमेकी देशसँग निरन्तर सम्पर्कमा र नजिक रहेर संयमताका लागि उनीहरुले आग्रह गरेका बताइएको छ।

दुई नेताबीचको शुक्रबारको वार्तामा पछिल्लो परिस्थितिको छलफल भएको बताइएको छ। राष्ट्रपति म्यार्कों सन् २०१५ मा परमाणु सम्झौतामा हस्ताक्षर भएको बारेमा थप समन्वय गर्न आवश्यक रहेको बारे जोड दिएका थिए। केहीदिन अघि बग्दादस्थित अमेरिकी दूतावासमा आक्रमण भएपछि इराक, इरान र अमेरिकाकाबीचमा विबाद थप चर्किदै गएको छ। अमेरिका र इरानका शिर्ष नेताले एक अर्कोलाई चेतावनी दिने गरेका छन्।

**अमेरिकी प्रतिक्रिया**

ती कमाण्डर मारिएपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले खासै कुनै प्रतिक्रिया दिएका छैनन्। शुक्रबारको सो आक्रमणको घटनापछि उनले ट्वीट अकाउन्टमा अमेरिकाको झण्डा राखेका थिए र घटनाका बारेमा केही लेखेका छैनन्। अमेरिकी रक्षा मन्त्रालयले भने शुक्रबार नै विज्ञप्ति प्रकाशन गरेर राष्ट्रपतिको निर्देशनमा अमेरिकी सेनाले गरेको कारबाहीका क्रममा कासिम सुलेमानी मारिएको बताएको छ।

यसलाई रक्षा मन्त्रालयले विदेशमा रहेका अमेरिकी नागरिकको सुरक्षाका लागि गरिएको कारबाही पनि भनेको छ। उक्त विज्ञप्तिमा अमेरिकी रक्षा मन्त्रालयले अमेरिका आफ्ना नागरिक र आफ्ना चासोका विषयमा संसारभर रक्षात्मक रुपमा कामगर्ने र आगामी दिनमा पनि यस्ता कार्य गरिरहने छ भनेको छ।

को हुन् कासिम सुलेमानी ?

इरानले स्वदेशमा तथा विशेषगरी विदेशमा राष्ट्रियताको पक्षमा गतिविधि गर्न भन्दै इरान क्विड नामक विशेष दस्ताको स्थापना गरेको थियो। पछिल्लो समयमा उक्त दस्ताको नेतृत्व सुलेमानीको हातमा थियो। इरानको सरकारले सन् १९९८ देखि उक्त दस्ताको नेतृत्व सुलेमानीलाई सुम्पेको थियो। तर पनि उनलाई अमेरिकाले भने आतंककवादी व्यक्तिको सूचीमा राख्दै आएको छ।

उक्त दस्ताले इरानका लागि इरानबाहिरका देशहरुमा गोप्य गतिविधि सञ्चालन गर्ने गरेको छ। यसैकारण अमेरिकाले सो सूचीमा राखेको थियो। सुलेमानीले सन् १९८० पछि भएको इरान इराक युद्धसमेतमा लडेका थिए। उनलाई इरान सरकारको अति निकटका एक व्यक्तिका रुपमा पनि चिनिन्थ्यो। सुलेमानीले सिरियामा कायम रहेको बसर अल असदको सत्ताका पक्षमा पनि काम गर्दै आएका थिए। साथै त्यहाँ भएको आइएसका विरुद्धमा पनि विशेष कारबाही गर्ने गर्दथे। रासस


**Provincial Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
**Morang**

## Re-Invitation for Bids

**IFB No. : 07/076-77**
**Date of Publication: 2076/09/20**

1. The Infrastructure Development Office, Morang invites bids from eligible bidders for following works:

| S. N. | Contract Identification Number | Description and Location of Work | Bid Validity Period | Estimated Amount (NRs.) without VAT | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | IDO/MOR/NCB/ W-44/076/77 | Construction of District Police Office road maintenance work, Biratnagar, Metropolitancity | 120 days | 24,37,546.66 | 66,000.00 | 3,000.00 |
| 2 | IDO/MOR/NCB/ W-45/076/77 | Construction of Dinesh Sahakari form to Keshaliya Khola road , Biratnagar Metropolitancity-7 | 120 days | 34,94,922.93 | 95,000.00 | 3,000.00 |
| 3 | IDO/MOR/NCB/ W-46/076/77 | Biratchowk Karjuna to Haraicha road protection work, Sunder Haraicha Municipality | 120 days | 47,77,713.86 | 1,29,000.00 | 3,000.00 |
| 4 | IDO/MOR/NCB/ W-47/076/77 | Construction of Pathibhara mandir jane Sadak, Biratnagar Metropolitancity | 120 days | 38,02,305.57 | 1,03,000.00 | 3,000.00 |
| 5 | IDO/MOR/NCB/ W-48/076/77 | Construction of Sisaubari chowk Purba road Sunderharaicha Municipality-9 | 120 days | 41,91,408.05 | 1,14,000.00 | 3000.00 |
| 6 | IDO/MOR/NCB/ W-49/076/77 | Construction of Rangeli road dakshin RK Childrens hospital hudai Ganesh Pokharel ko ghar samma road Biratnagar Metropolitancity | 120 days | 51,11,292.00 | 1,39,000.00 | 3000.0 |
| 7 | IDO/MOR/NCB/ W-50/076/77 | Construction of Nawajoti Marga Halesi tol road Biratnagar Metropolitancity-3 | 120 days | 42,41,719.21 | 1,15,000.00 | 3000.00 |
| 8 | IDO/MOR/NCB/ W-51/076/77 | Construction of Krishi Marga (Everest School to Santi Chowk) road Biratnagar Metropolitancity-6 | 120 days | 51,20,404.33 | 1,39,000.00 | 3000.00 |
| 9 | IDO/MOR/NCB/ W-52/076/77 | Construction of Laligurash Tol road Biratnagar Metropolitancity-4 | 120 days | 21,71,232.34 | 59,000.00 | 3000.00 |
| 10 | IDO/MOR/NCB/ W-53/076/77 | Construction of Bihibare Chowk Uttar Nahar road Biratnagar Metropolitancity | 120 days | 22,41,987.30 | 61,000.00 | 3000.0 |
| 11 | IDO/MOR/NCB/ W-54/076/77 | Construction of Sapurlal Rajbansi house to Rajkumar Sah house road Katahari Rural Municipality-1 | 120 days | 28,18,753.90 | 77,000.00 | 3000.00 |
| 12 | IDO/MOR/NCB/ W-56/076/77 | Construction of bhagwati Marg link Road,Biratnar metropolitan city | 120 days | 34,69,052.34 | 94,000.00 | 3000.00 |
| 13 | IDO/MOR/SQ/ W-57/76/77 | Construction of Nahar road Biratnagar Metropolitancity-13 | 75 days | 19,82,538.07 | 54,000.00 | 1000.00 |
| 14 | IDO/MOR/SQ/ W-55/076/77 | Construction of Jay Nepal Marga road Biratnagar Metropolitancity-8 | 75 days | 18,29,044.40 | 50,000.00 | 1000.00 |
| 15 | IDO/MOR/SQ/ W-58/076/77 | Construction of Annapurna Marga road Biratnagar Metropolitancity-4 | 75 day | 15,86,149.19 | 43,000.00 | 1000.00 |

2. Purchase, Submission and Opening: (For S.N.:-1-12)

| Purchase of Bid | | Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time | |
| 2076/10/20 | Office hour | 2076/10/21 | 12 noon | 2076/10/21 | 1 PM | A complete set of each Bidding Documents may be purchased from the office mentioned below by eligible Bidders on the submission of a written application, along with the copy of up to date company/firm registration certificate, VAT and PAN registration certificate, tax clearance certificate of FY 2075/76. Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified below. |

3. Purchase, Submission and Opening (For S.N.13-15)

| Purchase of Bid | | Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time | |
| 2076/10/05 | Office hour | 2076/10/06 | 12 noon | 2076/10/06 | 1 PM | A complete set of each Bidding Documents may be purchased from the office mentioned below by eligible Bidders on the submission of a written application, along with the copy of up to date company/firm registration certificate, VAT and PAN registration certificate, tax clearance certificate of FY 2075/76. Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified below. |

4. Revenue Details:

| Account Holder's Name | Bank Name | Bank Address | Account Number | Heading No. |
|---|---|---|---|---|
| Pradesh Lekha Niyantrak Karyalaya , Pradesh no. 1 | Rastriya Banijjya Bank, Biratnagar Branch | Biratnagar Branch | 2120502000000 (Dharauti) | Office code:-337010114 |
| Mahalekha Niyantrak Karyalaya | Rastriya Banijjya Bank | Anamnagar, Kathmandu | 1000200010000 (Rajswa) | 14229 (Revenue) |

5. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered at last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA and PPR.

**IDO Chief**

# बक्स अफिस समाचार

## सौगात, प्रदिप र स्वस्तिमाको भिडन्त

**काठमाडौं/मस–** गोपीकृष्ण मुभिजको फिल्म 'माइकल अधिकारी'ले प्रदर्शनका मिति घोषणा गरेको छ । गोपीकृष्णले चलचित्र प्रदर्शनको लागि नयाँ वर्ष रोजेको छ । यो चलचित्र आउँदो चैत २८ गतेबाट रिलिज हुने भएको छ । यो मितिलाई यसअघि नै दुई बहुप्रतिक्षित चलचित्रहरु 'प्रेमगीत ३' र 'चपली हाइट ३'ले रिलिजका लागि रोजेका थिए ।

अब चैत्र २८ मा सौगात मल्ल स्टारर चलचित्र 'माइकल अधिकारी', अभिनेता प्रदीप खड्का अभिनीत फिल्म 'प्रेमगीत ३' र अभिनेत्री स्वस्तिमा खड्का अभिनीत फिल्म 'चपली हाइट ३' बक्स अफिसमा भिँड्ने भएका छन् । 'प्रेमगीत ३' र ' चपली हाइट ३'को भिडन्तको चर्चाले फिल्मवृत तातेको अवस्थामा यो मितिमा फेरि यो फिल्म थपिएको हो ।







'माइकल अधिकारी'लाई उपत्यकामा रिच इन्टरटेनमेन्ट र जीजीएले वितरण गर्नेछ भने उपत्यका बाहिरका लागि श्रीकृष्ण फिल्म्सले वितरणको जिम्मा लिएको छ । वितरक करण क्रेजीले उपयुक्त लागेका कारण 'माइकल अधिकारी' लाई चैत २८ गते प्रदर्शन गर्न लागिएको बताए । तर, यो फिल्मको अहिलेसम्म छायांकन भने भएको छैन ।

फिल्मको छायांकन माघको पहिलो साताबाट शुरु हुँदैछ । वास्तविक जीवनमा प्रेम जोडी समेत रहेका अभिनेता सौगात मल्ल र अभिनेत्री श्रृष्टि श्रेष्ठको अभिनय रहने फिल्मलाई रञ्जित रौनियारले निर्देशन गर्दैछन् । फिल्म सेरोगेसी (भाडाको कोख) को कथामा निर्माण हुन लागेको हो । तर, छायांकन शुरु भएको साढे दुई महिनामा 'माइकल अधिकारी' प्रदर्शनमा आउनेमा शंका छ । फिल्मको हाइप बनाउन चैत २८ को रिलिज डेट घोषणा गरिएको बताइन्छ ।

## 'लप्पन छप्पन २'मा आनाको इन्ट्री

**काठमाडौं/मस–** अष्ट्रेलियामा छायाँकन भइरहेको फिल्म 'लप्पन छप्पन २' बाट आना ढकाल अभिनेत्रीको रुपमा डेब्यु गर्ने भएकी छन् । अध्ययनको सिलसिलामा केही बर्षदेखि अष्ट्रेलियामा बस्दै आएकी आनाको फिल्ममा अभिनय रहने निर्माण युनिटले जनाएको छ । चितवन घर भएकी आना प्रस्तोता तथा गायिका पनि हुन् ।


यसअघि दर्जनभन्दा बढी म्युजिक भिडियोमा अभिनय गरिसकेकी आनाले नेपाली फिल्म खेल्ने सानैदेखिको रहर पुरा गर्न अभिनयमा भित्रिन लागेको बताइन् । 'लप्पन छप्पन २' मा उनी अभिनेता अर्पण थापाको अपोजिटमा देखिन लागेकी हुन् । मुकुन्द भट्ट निर्देशक रहेको फिल्ममा दयाहाङ राई, सौगात मल्ल, सुरबिना कार्की लगायत कलाकारको समेत अभिनय रहने छ ।



## गलकोटको वृत्तचित्र

**काठमाडौं/मस–** ठूलो लगानी र सीप खर्चेर गलकोट क्षेत्रको विविधता झल्कने गरी 'गलकोट' वृत्तचित्र निर्माण गरिएको छ । निर्माता 'युएसबी' सेवा प्रा.लि.ले वृत्तचित्रको 'टिजर' र 'पोस्टर' शुक्रबार आफ्नै युट्युब च्यानलबाट सार्वजनिक गरेको हो । कम्पनीका निर्देशक आकाश युएसबी थापाका अनुसार वृत्तचित्रको प्रदर्शन आउँदो चैतमा जापानबाट थालिने छ ।

वर्ष दिनको श्रम र मेहिनतपछि वृत्तचित्र तयार भएको उनको भनाइ छ । वृत्तचित्र ४० मिनेटको छ । 'वृत्तचित्रमा करिब रु ३५ लाख खर्च भयो', निर्देशक थापाले भने, 'देश-विदेशमा च्यारेटी स्वरुप प्रदर्शन गर्ने सोच छ ।' प्रदर्शनबाट बचेको पैसा शिक्षा र स्वास्थ्य सेवाका क्षेत्रमा खर्च गरिने छ । अध्ययन र पेशाका सिलसिलामा विभिन्न देशमा पुगेका गलकोटवासीलाई लक्षित गरी वृत्तचित्र प्रदर्शन गरिने निर्माण कम्पनीले जनाएको छ । निर्देशक थापालगायतको समूहले एक वर्षअघिदेखि वृत्तचित्र निर्माणको काम शुरु गरेको थियो । ऐतिहासिक, सांस्कृतिक एवं जैविक विविधताले भरिएको गलकोटको समग्र पक्षलाई वृत्तचित्रमार्फत उजागर गर्न खोजिएको छ ।




'गलकोट क्षेत्रको वर्षभरिको जीवनशैली, रहनसहन, संस्कृति, हावापानी, प्राकृतिक सौन्दर्यको झल्को वृत्तचित्रमा देख्न सकिन्छ', निर्देशक थापाले भने । गलकोटको बाह्रैमासको विविधता समेट्नका लागि जोखिम मोलेर दृश्य र सामग्री संकलन गर्नुपरेको उनको अनुभव छ । गलकोट नगरपालिका-७ मल्ममा जन्मिएका थापा विदेशबाट फर्केर वृत्तचित्र निर्माण जस्तो सिर्जनशील काममा लागेका हुन् । गलकोटलाई देश-विदेशमा चिनाउनु र पहिचान स्थापित गर्नु आफ्नो उद्देश्य रहेको थापाको भनाइ छ । वृत्तचित्रमा थापाको व्यक्तिगत लगानी छ ।

नेपाल भ्रमण वर्षको प्रर्वद्धनमा समेत वृत्तचित्रले सघाउने विश्वास लिइएको छ । गलकोट क्षेत्रमा पर्यटक भित्र्याउन वृत्तचित्र सहयोगी बन्नेछ । जिल्लाको मध्यभागमा अवस्थित गलकोट चौबिसे राज्यका पालामा पर्वतअन्तर्गतको शक्तिशाली राज्यमा पर्थ्यो । बाइसे/चौबिसे राज्यपूर्व १८ मगरातअन्तर्गत मगर हरुले गलकोटमा राज्य चलाएका थिए ।

जिल्लाको पुरानो सदरमुकाम पनि गलकोटमा थियो । गलकोट क्षेत्रले गलकोट नगरपालिका र ताराखोला गाउँपालिकालाई समेट्छ । पर्यटकीय लेक घुम्टे, गाईघाटको झरना, गलकोट दरबार, सहस्रधारा आदि गलकोटका गन्तव्यस्थल हुन् । विभिन्न जातजातिका समुदायमा प्रचलित मौलिक कला, संस्कृति र उत्पादनले पनि गलकोट धनी छ । गलकोट बागलुङ सदरमुकामदेखि ४५ किमी दूरीमा पर्छ ।

**कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना** (प्रथम पटक प्रकाशित मिति २०७६।९।१९)

यस संस्थाबाट तपसिलमा उल्लेखित तपाई ऋणी सदस्यले प्राप्त गर्नुभएको कर्जाको नियमित रुपमा संस्थालाई बुझाउनुपर्ने साँवा तथा ब्याज नतिरी यस संस्थासंग गरेको सम्झौता र सर्तको उलङ्घन गरी भुक्तानिको अवधी समेत ब्यतित गरी बस्नु भएको र पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नु भएकोले यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र तिर्न बुझाउनको लागि सम्वन्धीत ऋणी सदस्यलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ । उक्त म्याद भित्र कर्जा चुक्ता नभएमा कर्जाको सुरक्षण वापत धितो रहेको सम्पत्ती तथा तहांको अन्य कुनै सम्पत्ती लगायत जमानीकर्ताको सम्पत्तीवाट सहकारी ऐन २०७४ तथा अन्य अन्य प्रचलित कानुन बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्था वाट असुल गरिने र उपयुत्तानुसारको सम्पत्तीवाट समेत संस्थाको कर्जा चुक्ता नभएको खण्डमा ऋणी तथा जमानीकर्तावाट कर्जा असुलउपर गर्न अन्य आवश्यक कानुनी प्रक्रिया सुरु गरिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराउदछौं ।


**तपसिल**

| ऋणीको नाम, थर, ठेगाना | धितो सुरक्षणको विवरण |
|---|---|
| ऋणीको नाम : अनन्त कान्त मैनाली (ना.प्र.नं. ६५५, चितवन)<br>ठेगाना : चितवन जिल्ला, भण्डारा गा.वि.स. वडा नं.२,<br>हाल : का.जि. का.म.न.पा. वडा नं. ३, बांसवारी<br>बाबु : रमाकान्त मैनाली<br>बाजे : मुक्तिकान्त मैनाली | भक्तपुर जिल्ला, झौखेल गा.वि.स. वडा नं. ८ (६) स्थित कित्ता नं. ११२७ को ०-१०-०-० क्षेत्रफल रहेको जग्गा |

**वेलफेयर सेभिङ्ग एण्ड क्रेडिट को.-अपरेटिभ लि.**
डिल्लीबजार, चारखाल, फोन नं. ४४३३७७८, ४४२६७३६

## नवीन र दीपेशकिशोर एउटै स्टेजमा

**काठमाडौं/मस–** नेपाली पप संगीतका दुई चर्चित गायकहरु नवीन के भट्टराई तथा दीपेशकिशोर भट्टराई पहिलो पटक एउटै स्टेजमा प्रस्तुत हुने भएका छन् । फ्रेण्ड्स अफ लाजिम्पाटले आगामी पुस २५ गते शुक्रवार काठमाडौंमा आयोजना गर्न लागेको 'टु लिजेन्ड्स अन द स्टेजः लाइभ इन कन्सर्ट' शीर्षकको लाइभ कन्सर्टमा यी दुई हस्ती गायकहरुले आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गर्नेछन् ।




लाजिम्पाटको नेपाली चुलोमा आयोजना हुने उक्त कन्सर्टमा दुबै गायकलाई ब्याकअप ब्याण्डले साथ दिनेछन् । गायक नवीन के भट्टराईलाई उनकै ब्याकअप ब्याण्ड अतृप्तले बाद्य-वादनमा साथ दिनेछ भने गायक दीपेशकिशोर भट्टराईलाई लिजेण्ड ब्याण्डले साथ दिनेछ । यी दुबै गायकहरु यतिबेला लाइभ कन्सर्टको अभ्यासमा जुटेका छन् । शुक्रवार साँझ पाँच बजेपछि शुरु हुने कन्सर्ट राती १० बजेसम्म जारी रहने आयोजक संस्था 'फ्रेण्ड्स अफ लाजिम्पाट'ले जनाएको छ ।

आयोजक संस्थाका अध्यक्ष पवन तिमिल्सिनाका अनुसार उक्त कन्सर्टबाट संकलित सम्पूर्ण रकम खुला सडकमा जीवन बिताउन बाध्य घरबारविहिन तथा असहाय व्यक्तिहरुका लागि खर्च गरिने छ । यस कन्सर्टबाट उठेको रकमले उनीहरुका लागि जाडोका पहिरन, खाना तथा ब्ल्यांकेटहरु प्रदान गरिनेछ । नेपाल भ्रमण वर्ष २०२० को प्रवर्द्धन समेत गरिने उक्त कन्सर्टमा दुबै गायकहरुले आफ्ना एक दर्जनभन्दा बढी लोकप्रिय गीत-संगीत प्रस्तुत गर्नेछन् । आयोजक 'फ्रेण्ड्स अफ लाजिम्पाट'ले यसअघि पनि लाजिम्पाट क्षेत्रमा विभिन्न सामाजिक कार्यहरु गर्दै आइरहेको छ ।

**SAUDI मा रोजगारको अवसर** | कम्पनी : ALIMTYAZ ALRIYADI CO. शहर: SAUDI

पुर्व स्वीकृत मितिः २०७६/०९/१७ चलानी नं.: ६०१४९४४५ L.T. No.: 229971

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३०,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा पुस २७ गते (12 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**K L Employment Service (P) Ltd.**
श्रम इजाजत नं.: ७०१/०६३/०६४
कालीमाटीडोल (प्रकाश सन्यास आश्रमको अगाडी), एयरपोर्ट, काठमाडौं
फोन : ४४६४११३, ४४९३१८०, ९८४१३८६९२३, फ्याक्सः ४४६९३२१
Email: info@klemployment.com.np | Web: www.klemployment.com.np

**साउदीमा रोजगार** | कम्पनी : SKY ART FACTORY FOR INDUSTRY शहर: RIYADH

पुर्व स्वीकृत मितिः २०७६/०९/१८ चलानी नं.: ६०१४९५१९ LT. No.: 230176

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 9 | 0 | स. काममा दक्ष | 1000 | ३०,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा पुस २७ गते (12 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**A.S. International Group Pvt. ltd.**
Gov. lic. No. 1155/073/74
Samakhusi-26, Kathmandu, Nepal, Tel: 01-4020181/4020182
Email- asintldemand@gmail.com

**साउदीमा रोजगार** | कम्पनी : SALEH AL SUHAIBANI TRADING & CONTRACTING EST. शहर: SAUDI

पुर्व स्वीकृत मितिः २०७६/०९/१८ चलानी नं.: ६०१४९५१२ L.T. No.: 229737

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
